प्रथम किरात राजा यलम्बरको समय

दिनेशराज पन्त

नेपाल प्रज्ञा-प्रतिष्ठान

प्रथम किरात राजा यलम्बरको समय

(अनुसन्धानग्रन्थ)

दिनेशराज पन्त

नेपाल प्रज्ञा-प्रतिष्ठान

कमलादी, काठमाडौँ

प्रथम किरात राजा यलम्बरको समय

(अनुसन्धानग्रन्थ)

अनुसन्धानकर्ता : दिनेशराज पन्त
प्रकाशक : नेपाल प्रज्ञा-प्रतिष्ठान
प्रकाशन : प्रथम, २०६९
आवरण : वसन्तराज अज्ञात
कम्प्युटर : रञ्जन घिमिरे
मुद्रण : शारदा प्रिन्टिङ प्रेस
मूल्य : १०५।-
ISBN : 978-9937-589-07-9

TICK TOCK TIK TOK

कुलपतिको मन्तव्य

नेपाल प्रज्ञाप्रतिष्ठान नेपालको सांस्कृतिक, भाषिक र धार्मिक विविधतालाई ध्यानमा राखी समग्र वाङ्मयको संरक्षण र संवर्धन गर्नाका निम्ति सङ्गठित संस्था हो । नेपालका दर्शन, संस्कृति, भाषा, साहित्य, सङ्गीत, कला, नाट्य, सामाजिकशास्त्र आदिको अध्ययन अनुसन्धान गराई तिनको प्राज्ञिक परम्परालाई सबल बनाउन २०१४ साल असार ९ गते नेपाल एकेडेमी (पछि रोयल नेपाल एकेडेमी र नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान)को स्थापना भएको थियो । २०६२/०६३ सालको जनआन्दोलनको सफलताबाट नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भयो र नेपाल प्रज्ञाप्रतिष्ठान नेपालका सबै जातिका भाषा, साहित्य, संस्कृति, दर्शन र सामाजिकशास्त्रजस्ता वाङ्मयसँग सम्बन्धित प्रज्ञाको केन्द्र बन्यो । नेपाली वाङ्मयका यी प्रत्येक विषय र यिनका विभिन्न विधामा अध्ययन-अनुसन्धान गराई प्रकाशनमा ल्याउनु, पुराना ज्ञानको संशोधन र विस्तारका साथै नयाँ ज्ञानको स्थापना गर्नु र नेपालका लोपोन्मुख जातिका भाषा, लिपि, संस्कृति, श्रुतिपरम्परा, जीवनपद्धति र साहित्यको खोजी गरी तिनलाई जोगाउनु पनि यस प्रतिष्ठानको प्रमुख दायित्व हो । एक्काइसौँ शताब्दीको विश्वस्तरीय द्रुतवेगी ज्ञानप्रवाहबाट नेपाली प्राज्ञिक जगत्लाई र नेपालका नवीन प्राज्ञिक उपलब्धिबाट विश्वसमुदायलाई लाभान्वित तुल्याउनेतर्फ पनि यो प्रतिष्ठान सजग छ । वास्तवमा नेपालका सम्पूर्ण क्षेत्रको प्राज्ञिक उन्नयन र सृजनात्मक समृद्धिका निम्ति अग्रणी भूमिका खेल्दै राजधानी बाहिर पनि अनुकूल वातावरणको सिर्जना गरिदिनु यस प्रज्ञाप्रतिष्ठानको दायित्व र कर्मक्षेत्र पनि हो ।

नेपालभित्र तथा नेपाल बाहिरको सिङ्गो नेपाली प्राज्ञिक जगत्का सबै विद्वान्विदुषी, स्रष्टाद्रष्टा तथा प्रज्ञाकर्मीहरूको सद्भाव-सहयोग, गोष्ठी, विचार-मन्थनमा सहकार्य र प्राज्ञिक वैचारिक आदानप्रदानबाट नै नेपाली प्रज्ञाजगत् विश्वको ज्ञानलहरीसँग होस्टेमा हैँसे गर्दै नेपालका ज्ञानपरम्पराको समुन्नयन गर्न र राष्ट्रिय गौरवको श्रीवृद्धि गर्ने कार्यमा समयोचित योगदान गर्न नेपाल प्रज्ञाप्रतिष्ठान सफल हुनेछ भन्ने दृढ विश्वास लिएको छु ।

(बैरागी काइँला)
कुलपति
नेपाल प्रज्ञाप्रतिष्ठान

प्रकाशकीय

प्रस्तुत पुस्तक **प्रथम किरात राजा यलम्बरको समय** नेपाल प्रज्ञा-प्रतिष्ठानको सामाजिक शास्त्र विभागद्वारा प्रदान गरिएको लघु-अनुसन्धान परियोजना सम्पन्न गर्ने क्रममा तयार पारिएको अनुसन्धान प्रतिवेदनको परिमार्जित रूप हो । यस अनुसन्धान परियोजनाका अध्येयता विद्वान् दिनेशराज पन्त हुनुहुन्छ । नेपालको इतिहास एवं पुरातत्व शास्त्रका ज्ञाता दिनेशराज पन्तले अहिलेसम्म प्राप्त शिलालेख एवं विभिन्न शास्त्रका मत र अभिमतलाई विवेचना गरेर तर्कसम्मत किसिमले किराती वंशका प्रथम राजा मानिँदै आएका यलम्बरको समय निर्धारण गर्ने प्रयत्न गर्नुभएको छ । इतिहाससँग सम्बन्धित प्रागऐतिहासिक गाथालाई निफननाफन गरेर ऐतिहासिक रूप प्रदान गर्नु निकै कठिन काम हो । यस्तो कठिन कामलाई शास्त्र र शिलालेखभित्र विचरण गरेर यस पुस्तकका लेखकले एउटा वस्तुगत निचोड निकाल्नु भएको छ, जुन इतिहासको अँध्यारो कुनाभित्र पसी सत्यको खोजी गर्न लागिपर्दै रहेका अन्वेषकका लागि मार्गदर्शन गर्ने अर्को एउटा रोशनी हुन सक्छ ।

नेपालको इतिहासका प्रारम्भिक चरणका धेरै कुराहरू अझै पनि किंवदन्तीमा रहेका छन् । लिच्छविकालअघिका नेपालमा शासन गर्ने वंशहरूमा किरात वंशसम्बन्धी छनक दिने केही कुरा प्रारम्भिक शिलालेख, प्राग्ऐतिहासिक ग्रन्थ र पुराणहरूमा वर्णित भए पनि तिनले ऐतिहासिक आधार पाउन सकेका छैनन् । अझ महिषपाल र गोपालवंशसँग सम्बद्ध प्रायः सबै रचनाहरू इतिहासकै गर्भभित्र रहेका छन् । यिनलाई शास्त्रसम्मत किसिमले उधिनेर प्राप्त हुने प्रमाणका ढङ्गुर सूचनालाई निफननाफन गरेर सतहमा लाउने कठिन तर महत्वपूर्ण दायित्व नेपालका पुरातत्वविद्, इतिहासकार एवं अन्वेषकमा रहेको छ । अध्ययन अनुसन्धानको प्राज्ञिक पुर्ख्यौली भएका विद्वान् लेखक दिनेशराज पन्तबाट यस क्षेत्रमा प्रशस्त प्रामाणिक अनुशीलन भइरहेको कुरा सर्वविदितै छ । उहाँको अनुशीलन कार्यको सार्थक प्रयत्न **प्रथम किरात राजा यलम्बरको समय** भन्ने पुस्तक पनि हुन गएको छ । अहिलेसम्म किरात वंशको खोज अनुसन्धानमा

लागिपरेका अध्येयता र अनुसन्धाताका लागि यो पुस्तक उपयोगी हुनेछ भन्ने हाम्रो अपेक्षा रहेको छ ।

अन्त्यमा नेपाल प्रज्ञा-प्रतिष्ठानका प्राज्ञिक गतिविधिमा सक्रिय सहभागिता जनाउँदै आएका यस पुस्तकका लेखक दिनेशराज पन्तलाई सीमित समयमा नै यो पुस्तकको प्रारूपका लागि अनुसन्धान प्रतिवदेन तयार पारी प्रस्तुत गर्नुभएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै यस पुस्तकको पाण्डुलिपि तयार पार्न सहयोग पुऱ्याउने श्याम रिमाल र कम्प्युटर टङ्कन गर्ने रञ्जन घिमिरे समेतलाई धन्यवाद ज्ञापन गर्दछु । इति ।

२०६९ असार १५
कमलादी, काठमाडौँ

गङ्गाप्रसाद उप्रेती
उपकुलपति

मन्तव्य

नेपालको इतिहासका प्रामाणिक साधनहरूमध्ये अभिलेखको ज्यादै महत्त्वपूर्ण स्थान छ। ती अभिलेखबाट हामी लिच्छविकालसम्मको इतिहास राम्ररी बुझ्न सक्छौं। नेपालका अभिलेखको प्रकाशन हुन थालेको सवा सय वर्षभन्दा बढी बितिसक्यो। यसो भए तापनि लिच्छविकालभन्दा पहिलेका अभिलेख अहिलेसम्म पाउन सकिएको छैन। इतिहास तयार गर्ने विभिन्न सामग्रीमध्ये परम्परादेखि चलेर आइरहेका वंशावलीहरू पनि पर्छन्। जुन कालमा ती वंशावलीको रचना भयो, त्यो कालका कुरा प्रामाणिकरूपमा र त्यसभन्दा माथिको कालमा पुग्दै जाँदा क्रमशः अप्रामाणिक हुन गई विषयवस्तुमा आनतान फरक पर्न गएको कुरा पनि प्रत्यक्ष नै छ। यसो भए तापनि तात्कालिक कालको इतिहासमा अलि बढी र माथिल्लो कालको इतिहासमा पनि केही न केहीरूपमा वंशावलीहरूको प्रयोग गर्नुपर्ने बाध्यता हामीलाई छ।

हाम्रा वंशावलीहरूले लिच्छविभन्दा अघि किरातीहरूको शासन थियो भनेर लेखेका छन्। पछिल्ला कालमा बनेका *पशुपतिपुराण* र *हिमवत्खण्ड*ले पनि यस कुराको पुष्टि गर्छन्। लिच्छविकालका अभिलेखहरूबाट पनि त्यस कालभन्दा अघि किरातकाल थियो भन्ने कुराको झलक पाइन्छ। उपलब्ध प्रमाणका आधारमा किरातकालका पहिला राजा यलम्बरको समयको बारेमा यो पुस्तक तयार गरिएको छ।

नेपाल प्रज्ञा-प्रतिष्ठानको परियोजनाअन्तर्गत यो पुस्तक तयार भएको हो। यो पुस्तक तयार गर्दा प्रज्ञा-प्रतिष्ठानका कुलपति श्रीवैरागी काइँलाबाट मैले धेरै विषयमा मदत पाएको छु। त्यसैले उहाँलाई सर्वप्रथम धन्यवाद ज्ञापन गर्नु म आफ्नो कर्तव्य सम्झन्छु। श्रीश्याम रिमालले मेरो सहायकको रूपमा यो पुस्तक तयार गर्दा मलाई विभिन्न प्रकारबाट सघाउनुभएको छ। उहाँले परिश्रमपूर्वक काम नगर्नुभएको भए यो पुस्तक यस रूपमा प्रस्तुत हुन निकै गाह्रो पर्नेथियो। त्यसैले उहाँलाई धन्यवाद दिन्छु। यस काममा डा. श्रीमहेशराज पन्त र सहप्रा. श्रीकाशीनाथ तमोटबाट मैले मदत पाएको छु। त्यस्तै पेजपर्फेक्ट ग्राफिक डिजाइन एन्ड पब्लिसिङका प्रोपाइटर श्रीअनिल श्रेष्ठले गरेको सहयोग अविस्मरणीय छ। श्रीयशस्वी पन्तबाट पनि यसमा केही काम भएको छ। उहाँहरू सबैलाई यथोचित धन्यवाद छ।

उपलब्ध आफ्नो आँखा परेका सामग्रीका आधारमा यो पुस्तक तयार पारिएको हो। नीरक्षीरविवेकी विद्वान्हरूबाट यस पुस्तकको गुणदोषको विषयमा राम्ररी विचार हुनेछ। म पनि आफ्नो अध्ययनअनुसन्धान बढाउँदै जानेछु र यसको पछिल्लो संस्करणमा यसले बढी पूर्णता पाउनेछ।

ते श्रोत्रियास्तत्त्वविनिश्चयाय
भूरिश्रुतं शाश्वतमाद्रियन्ते... ॥७॥

(भवभूति मालतीमाधव १ अङ्क)

[ती विद्वान्हरू सत्य कुराको निर्णयका लागि निरन्तरको पढाइलाई आदर गर्छन्।]

वि.सं. २०६९ जेठ २५ गते बिहिवार

–दिनेशराज पन्त

विषयसूची

लिच्छविकालमा परेको किरातकालको प्रभाव/११

वंशावलीहरूका विषयमा/३६

वंशावलीहरूबाट निर्धारण हुने यलम्बरकाल/४५

आधुनिक शोधकर्ताहरूले निर्धारण गरेको यलम्बरकाल/५०

उपसंहार/५३

यो पुस्तक तयार गर्दा उपयोग गरिएका पुस्तक र निबन्ध/५७

लिच्छविकालमा परेको किरातकालको प्रभाव

नेपालका वंशावलीहरूले गोपालकाल, महिषपालकाल र किरातकालको केही बयान गरेका छन्। ती वंशावलीहरूमध्ये *गोपालराजवंशावली* सबभन्दा पुरानो हो। अहिलेभन्दा करीब सवा छ सय वर्षअगाडि स्थितिराज मल्लको पालामा *गोपालराजवंशावली* तयार भएको हो। माथि उल्लिखित कालहरूभन्दा निकैपछिको *गोपालराजवंशावली* भएकोले ती कालको विषयमा दिइएका थोरै कुरा पनि प्रामाणिक छन् वा छैनन् भनी भन्न सकिने अवस्था भने कमै छ। यसो भए तापनि ती कालका तात्कालिक सामग्री नपाइने भएकोले वंशावलीहरूलाई छाड्न पनि हामी सक्दैनौं।

*गोपालराजवंशावली*मा यस्तो लेखिएको छ-

अथः सूर्यवम्सप्रभावात् नेपाले कि(रात)राजा निर्ज्जित्य ॥ लिच्छवीवंस्स प्रवर्त्ततेः ॥

(*गोपालराजवंशावली* १९ ख पत्र। द *गोपालराजवंशावली*को २७ पृ.)

[अनि सूर्यवंशको प्रभावले नेपालमा किरात राजालाई जितेर लिच्छविवंश चल्यो।]

(द *गोपालराजवंशावली*को ७५ पृ.)

पुराणहरूमध्ये *पशुपतिपुराण*को आफ्नै ढङ्गको महत्त्व छ। त्यस पुराणमा एक ठाउँमा यस्तो लेखिएको छ -

जित्वा कैरातराजानं वाक्येन प्रत्ययेन च ।
करिष्यति तदा राज्यं वैशाल्यधिपतिर्बली ॥१२॥
लिच्छवीनां नरेन्द्राणां राज्यभूमिमिमां शुभाम् ।
प्रजाश्चाप्याश्रयिष्यन्ति बहिर्देशागतास्तदा ॥१५॥

(*पशुपतिपुराण* १८ अध्याय)

[वैशालीका बलवान् राजाले किराती राजालाई जिती बोलीवचनले विश्वास दिलाएर राज्य गर्नेछन्। लिच्छवि राजाहरूको यो राम्रो राज्यमा बाहिरबाट पनि दुनियाँहरू आउँछन्।]

*हिमवत्खण्ड*नामक पुस्तकमा यस्तो लेखिएको छ-

त्रिसहस्रसमान्ते च किरातैर्भुज्यते पुनः ।
क्षत्रियैस्तान्निहत्त्याज तद् राज्यं च तथा पुनः ॥२७॥

(*हिमवत्खण्ड* ८३ अध्याय, *हिमवत्खण्ड*को १८१ पृ.)

[तीन हजार वर्ष वितेपछि फेरि यहाँ किरातीहरूले राज्य गर्नेछन्। क्षत्रियहरूले किरातीहरूलाई जितेर फेरि त्यो राज्य भोग गर्नेछन्।]

(*हिमवत्खण्ड*को १८४ पृष्ठमा छापिएको अनुवादमा यहाँ केही फरक पारी दिइएको छ।)

निर्जित्यासौ किरातान् वै तत्र राज्यं करिष्यति ।
विशालनगरीं कृत्वा तपोबलात् सुधार्मिकः ॥५५॥
वैशालाधिपतिस्तस्माद् भविष्यति नृपोत्तमः ... ॥५६॥...
पाशुपत्यां ततः पुर्य्यां सुराज्यं स करिष्यति ॥ ५७॥

(*हिमवत्खण्ड* १६२ अध्याय, *हिमवत्खण्ड*को ३०४ पृ.)

[वैशालीका ठूला धार्मिक अधिपतिले तपस्याका बलले किरातहरूलाई जितेर विशालनगरी बनाएर त्यहाँ राज्य गर्नेछन्। पशुपतिपुरीमा उनले राम्ररी राज्य चलाउनेछन्।]

(*हिमवत्खण्ड*को ३१७ पृष्ठमा छापिएको अनुवादमा केही फरक पारी यहाँ दिइएको छ।)

माथिका यी कुराबाट *गोपालराजवंशावली*, *पशुपतिपुराण* र *हिमवत्खण्ड*ले लिच्छविकालभन्दा अगाडि किरातकाल थियो भनी लेखेका छन् भन्ने स्पष्ट हुन्छ। यस कारण किरातकालको निर्णयका लागि *लिच्छविकालका अभिलेख*तिर पनि दृष्टि पुऱ्याउनुपर्छ।

लिच्छविकालका दुइ सयभन्दा बढी अभिलेख पाइएका छन्। ती सबै अभिलेख संस्कृत भाषामा छन्, परन्तु केही अभिलेखमा संस्कृतेतर शब्द पनि पाइन्छन्। अब त्यस विषयमा केही चर्चा गरिन्छ।

मानदेवको पालाको विष्णुपादुकाको फेदीको अभिलेखमा यस्तो लेखिएको छ-

देव्याः कर्त्तव्यताबुद्धया श्रीपादै ...ग्रजः
शैलस्तम्भक्रियारम्भे केदुम्बाटो नियोजितः

[देवी(बडामहारानी)को कीर्ति राख्ने इच्छाअनुसार श्रीपाद(राजा)वाट... का दाजु केदुम्वाटलाई यो शिलास्तम्भ वनाउने काममा नियुक्त गरियो ।]

(*लिच्छविकालका अभिलेख*को ४४पृ.)

यो शिलास्तम्भ वनाउने काममा नियुक्त अधिकारीको नाम केदुम्वाट भन्ने रहेको छ, जुन संस्कृत शब्द होइन ।

मानदेवको पालाको देउपाटनको वि.सं. ५३५ को रत्नसङ्घको अभिलेखमा यस्तो लेखिएको छ-

... दुंलङ्ग्रामप्रदेशे पञ्चानां शतानाम्भूभिः ५०० खोपृङ्ग्रामप्रदेशे षण्णां शतानां भूमिः ६०० दुंप्रङ्ग्रामप्रदेशे शतस्य भूमि १०० ह्मस्प्रिङ्ग्रामप्रदेशे द्व्यर्द्धस्य शतस्य भूमिः २५० विलिविक्षप्रदेशे अर्द्धतृतीयस्य भूमिः २५०...बेम्मायामशीत्युत्तरस्य भूमिः १८० खैनष्पुप्रदेशे नवत्या भूमिः ९०...

[दुलङग्रामप्रदेशमा पाँच शय ५०० भूमि, खोपृङग्रामप्रदेशमा छ शय ६०० भूमि, दुंप्रङग्रामप्रदेशमा एक शय १०० भूमि, ह्मस्प्रिङग्रामप्रदेशमा दुइ शय पचास २५० भूमि, विलिविक्षप्रदेशमा दुइ शय पचास २५० भूमि, वेम्मामा एक शय असी १८० भूमि, खैनष्पुप्रदेशमा नब्वे ९० भूमि]

(*लिच्छविकालका अभिलेख*का ५०-५१ पृ., त्यहाँ छापिएको अनुवादमा केही फरक पारी यहाँ दिइएको छ ।)

संस्कृत शब्द ग्राम र प्रदेशसँग जोडिएर आएका दुलङ, खोपृङ, ह्मस्प्रिङ, विलिविक्ष, बेम्मा र खैनष्पु शब्द संस्कृत शब्द होइनन् ।

मानदेवको पालाको देउपाटनको रत्नसङ्घको वि.सं. ५३८ को अभिलेखमा यस्तो लेखिएको छ-

...प्रङ्प्रिङ्प्रदेशे...मैशिङ्प्रदेशे...वोतवोरुषोप्रदेशे...सीताटीजोल्प्रिंप्रदेशे ... प्रयिट्टिखाप्रदेशे ...

[प्रङ्पिङप्रदेशमा मैशिङप्रदेशमा वोतवोरुषोप्रदेशमा सीताटीजोल्प्रिंप्रदेशमा प्रयिट्टिखाप्रदेशमा]

(*लिच्छविकालका अभिलेख*का ५५, ५६ पृ.)

संस्कृत शब्द प्रदेशसँग जोडिएर आएका प्रङ्पिङ, मैशिङ, वोतवोरुषो, सीताटीजोल्प्रिं र प्रयिट्टिखा शब्द संस्कृतेतर हुन् भन्ने स्पष्ट छ । यसबाट ठाउँलाई बुझाउने यी शब्द पहिलेदेखि नै रहिसकेका थिए भन्ने थाहा हुन्छ ।

मानदेवको पालाको टेबहालको वि.सं. ५३८ को गुहमित्रको अभिलेखमा यस्तो लेखिएको छ-

...गुम्पद्वृम्प्रदेशे...

[गुम्पद्वृंप्रदेशमा]

(*लिच्छविकालका अभिलेख*का ५९, ६० पृ., त्यहाँ छापिएको अनुवादमा केही फरक पारी यहाँ दिइएको छ ।)

यहाँ प्रयुक्त स्थानवाचक गुम्पद्वृं शब्द संस्कृत होइन ।

वसन्तदेवको थानकोट आदिनारायणको वि.सं. ५६३ को अभिलेखमा यस्तो लेखिएको छ-

...ब्रंह्म्मुंशुल्ह्म्मुंतेपुल... शीताटीगुल्मकस्य पश्चाद्... थेञ्चोग्रामस्य दक्षिणतः यावन् महापथः...

[ब्रह्म्मु शुल्ह्म्मु तेपुल शीताटी गुल्म(चौकी)को पश्चिमपट्टि थेञ्चोग्रामको दक्षिणतिरको ठूलो सडकसम्म]

(*लिच्छविकालका अभिलेख*का ९१, ९२, ९३ पृ., त्यहाँ छापिएको अनुवादमा केही फरक पारी यहाँ दिइएको छ ।)

यहाँ प्रयुक्त संस्कृत शब्द गुल्मसँग जोडिएको शीताटी र संस्कृत शब्द ग्रामसँग जोडिएको थेञ्चो संस्कृत शब्द होइनन् । त्यसैगरी ब्रह्म्मु शुल्ह्म्मु तेपुल पनि संस्कृतेतर शब्द हुन् ।

वसन्तदेवको पाटन बाहालुखाको वि.सं. ५७० को अभिलेखमा यस्तो लेखिएको छ-

...गुडन्दुलुत्तरप्रदेशे...

[गुडन्दुलुत्तरप्रदेशमा]

(*लिच्छविकालका अभिलेख*का ११२, ११३ पृ., त्यहाँ छापिएको अनुवादमा केही फरक पारी यहाँ दिइएको छ ।)

संस्कृत शब्द प्रदेशसँग जोडिएर आएको स्थानवाचक गुडन्दुलुत्तर संस्कृतेतर शब्द हो ।

वसन्तदेवको जैसीदेवलको वि.सं. ५७१ को अभिलेखमा यस्तो लेखिएको छ-

...लिङ्ग्वल...कुथेर...ब्रह्मुङि च महीशीले व्यवहरतीति

[लिङ्ग्वल कुथेर महीशील ब्रह्मुङ्ले मुद्दामामिलासम्बन्धी काम गरिरहेको वेलामा]

(*लिच्छविकालका अभिलेख*का १२२, १२३ पृ.)

लिच्छविकालका प्रसिद्ध अधिकरण (अड्डा)का रूपमा रहेका लिङ्ग्वल र कुथेर दुवै शब्द संस्कृत होइनन् । यसवाट लिच्छविकालभन्दा अघि नै यी अड्डा स्थापना भइसकेका देखिन्छन् । त्यसैगरी ब्रह्मुङ शब्द पनि संस्कृतेतर शब्द हो ।

वसन्तदेवको सीतापाइलाको अभिलेखमा यस्तो लेखिएको छ–

...हारागुङ्शिखर...दुलुसिड...

[हारागुङ डाँडो दुलुसिड]

(*लिच्छविकालका अभिलेख*को १३३ पृ.)

संस्कृत शब्द शिखरसँग जोडिएर आएको हारागुङ संस्कृत शब्द होइन । त्यसैगरी दुलुसिड पनि संस्कृत शब्द होइन ।

वसन्तदेवको किसिपिँडीको वि.सं. ५८५ को अभिलेखमा यस्तो लेखिएको छ-

...**कूथेर**...

[कूथेर]

(*लिच्छविकालका अभिलेख*का १३५, १३६ पृ.)

माथि जैसीदेवलको अभिलेखमा उल्लिखित अड्डावाचक कुथेर शब्द यहाँ पनि आएको छ ।

वसन्तदेवको पालाको विप्रसेन, ध्रुवसेन, वृद्धिषेण र वेदभट्टको पाटन खपिंछेको वि.सं. ५८७ को अभिलेखमा यस्तो लेखिएको छ-

...**ब्राह्मणवृद्धिषेणेन पिकङ्कूलकप्रदेशे मालार्त्थं**...

[ब्राह्मण वृद्धिषेणले मालाको निमित्त पिकङ्कूलकप्रदेशमा]

(*लिच्छविकालका अभिलेख*का १३८, १३९ पृ., त्यहाँ छापिएको अनुवादमा केही फरक पारी यहाँ दिइएको छ ।)

संस्कृत शब्द प्रदेशसँग जोडिएर आएको पिकङ्कूलक संस्कृत शब्द होइन ।

वसन्तदेवको चौकिटारको वि.सं. ५९० को अभिलेखमा यस्तो लेखिएको छ-

...**शोल्लाधिकरणस्य मा २ कूथेराधिकरणस्य मा १...ब्रह्मुङि च प्रतिहारभवगुप्ते व्यवहरतीति**...

[शोल्ल अधिकरणलाई २ मानिका कूथेर अधिकरणलाई १ मानिका प्रतिहार भवगुप्त ब्रह्मुङले मुद्दामामिलाको काम गरिरहेको वेलामा]

(*लिच्छविकालका अभिलेख*का १४५, १४६ पृ.)

संस्कृत शब्द अधिकरणसँग जोडिएर आएका शोल्ल र कुथेर दुवै संस्कृत शब्द होइनन् । कुथेर शब्द त माथि पनि आइसकेको छ । यसैगरी ब्रह्मुङ शब्द पनि संस्कृत होइन । ब्रह्मुङको चर्चा माथि पनि भइसकेको छ ।

वसन्तदेवको बलम्बुनजिकैको पासिंख्यको वि.सं. ५९० को अभिलेखमा यस्तो लेखिएको छ-

...कूथेराधिकरणस्य ...यश्च शोल्लं पञ्चापराधेन स्मारयेत्...शोल्लस्य मा १ कूथेरस्य...ब्रह्मुङि च प्रतिहारभवगुप्ते व्यवहरतीति...

[कुथेर अधिकरणले जसले शोल्ल अधिकरणमा पञ्चापराधसम्बन्धी कुरा दर्ता गराउला शोल्ललाई १ मानिका कुथेरलाई प्रतिहार भवगुप्त ब्रह्मुङले मुद्दामामिलाको काम गरिरहेको वेलामा]

(*लिच्छविकालका अभिलेख*का १४७, १४८ पृ.)

माथि आएका संस्कृतेतर शब्द कुथेर, शोल्ल र ब्रह्मुङ यहाँ पनि आएका छन् ।

वामनदेवको पालाको साँखु दुगाहिटीको वि.सं. ५९६ को अभिलेखमा यस्तो लेखिएको छ-

...लेंदुप्रदेशे ...सुब्रंकोप्रदेशे...शटम्मि ...गम्मे...

[लेंदुप्रदेशमा सुब्रंकोप्रदेशमा शटम्मि गम्मे]

(*लिच्छविकालको अभिलेख*का १६८, १६९ पृ.)

संस्कृत शब्द प्रदेशसँग जोडिएर आएका लेंदु र सुब्रंको संस्कृत शब्द होइनन् । त्यसैगरी शटम्मि र गम्मे पनि संस्कृत शब्द होइनन् । यताबाट स्थानवाचक यी शब्द पहिलेदेखि नै थिए भन्ने स्पष्ट हुन्छ ।

आभीरी गोमिनीको पशुपतिको वि.सं. ५९८ को अभिलेखमा यस्तो लेखिएको छ-

...वेम्पाग्रामे स्वयपुपारोपितनदीक्षेत्त्रखण्डद्वयं दत्तमिति ।...

[वेम्पाग्राममा स्वयपुपारोपित नदीको दुई खेत गुठी राखिन् ।]

(*लिच्छविकालका अभिलेख*को १७१ पृ.)

संस्कृत शब्द ग्रामसँग जोडिएर आएको वेम्पा र संस्कृत शब्द नदीसँग जोडिएर आएको स्वयपुपारोपित दुवै संस्कृतेतर हुन् ।

रामदेवको पालाको मानमतीको पशुपति मृगस्थली जाने बाटाको वि.सं. ६०३ को अभिलेखमा यस्तो लेखिएको छ-

...दोवग्रामोद्देशे शालगम्बिक्षेत्र... खुडुस्वामिनः...

[दोवग्राम भन्ने ठाउँमा शालगम्बि क्षेत्र खुडु स्वामीलाई]

(*लिच्छविकालका अभिलेख*का १७५, १७६ पृ.)

संस्कृत शब्द ग्रामसँग जोडिएर आएको दोव, संस्कृत शब्द क्षेत्रसँग जोडिएर आएको शालगम्बि र संस्कृत शब्द स्वामीसँग जोडिएर आएको खुडु संस्कृतेतर शब्द हुन् ।

गणदेवको फर्पिङको वि.सं. ६१५ को अभिलेखमा यस्तो लेखिएको छ-

...बुन्लुनदी... मिंदिचो... खाह्निंचो... तेग्वङ्गतो... केखा ...अर्द्धचो ... ब्रेम्गुंचो ... मोगुंचो ...

[बुन्लु नदी, मिंदिचो खाह्निंचो तेग्वङतिर केखा अर्द्धचो ब्रेम्गुंचो मोगुंचो]

(*लिच्छविकालका अभिलेख*का १८२, १८३ पृ.)

जग्गाको चार किल्लाको प्रसङ्गमा आएका बुन्लु, मिंदिचो, खाह्निंचो, तेग्वङ, केखा, अर्द्धचो, ब्रेम्गुंचो र मोगुंचो संस्कृत शब्द होइनन्।

गणदेव र भौमगुप्तको चौकिटारको वि.सं. ६१८ को अभिलेखमा यस्तो लेखिएको छ-

ॐ स्वस्ति मानगृहाद् बप्पपादानुध्यातो भट्टारकमहाराजश्रीगणदेवः कुशली शीताटिकातले टेग्वल्(ग्रा)मे यथाप्रधानब्राह्मणपुरस्सरान् सर्व्वानेव कुटुम्बिनः कुशलम्पृष्ट्वा मानयति पूर्व्वराजभिर्य्युष्माकं कुथेरशुल्यधिकरणाभ्यान्न प्रवेष्टव्यमित्यनुग्रहः कृतोधुना मया सर्व्वदण्डनायक-महाप्रतिहारश्रीभौमगुप्तानुज्ञापितेन लिङ्ग्वलमाप्चोकाधिकरणाभ्यां पञ्चापराध-द्वारेण चतुर्भिरप्यधिकरणैर्न्न प्रवेष्टव्यमिति स्थितिपट्टकेन प्रसादः कृतस्तद् यूयमेवं विदित्वा यथैव पूर्व्वमाज्ञाश्रवणविधेयास्तथैवावलगनपरा भूत्वा निर्वृतविश्वस्ताः सुखं प्रतिवत्स्यथ ये चास्मद्वंश्या राजानो भवितारस्तैरपि धर्म्मगुरुभिर्गुरुकृतप्रसादानुवर्त्तिभिरियमाज्ञा प्रतिपालनीयेति दूतकश्चात्र बब्भ्रुवर्मा ब्रह्मुङ्प्रसादगुप्तवार्त्ते व्यवहरतीति संवत् ४८२ श्रावणशुक्लप्रतिपदि

[ॐ कल्याण होस्। मानगृहबाट बप्प(बुबा)का पाउको अनुग्रह पाएका, गाथमा आराम रहेका भट्टारक महाराज श्रीगणदेवबाट शीताटिका-तल टेग्वलग्राममा रहेका मुखिया, ब्राह्मणलगायत सबै गृहस्थीहरूलाई कुशलमङ्गल सोधेर आज्ञा भएको छ।

उहिलेका राजाबाट तिमीहरूकहाँ कुथेर तथा शुली यी दुइ अधिकरणले पस्न नपाउने गरी निगाह गरिएको थियो। सर्वदण्डनायक महाप्रतिहार श्रीभौमगुप्तले हाम्रा हजुरमा बिन्ति चढाएका हुनाले अहिले हामीबाट लिङ्ग्वल माप्चोकसहित चारै अधिकरणले पञ्चापराध (पञ्चखत)द्वारा पनि पस्न नपाउने गरी यो सनदशिलापत्र निगाह गरी दिइएको छ।

यो कुरा बुझेर तिमीहरू पहिले जस्तै हुकुममा तामेल रही निर्धक्क भई सुखपूर्वक बस। पछि हुने हाम्रो कुलका राजाहरूले पनि नियम कानूनलाई ठूलो सम्झी आफ्ना मान्यजनले गरिदिएको निगाहको ख्याल राखी यो आज्ञाको प्रतिपालन गर्नुपर्दछ।

यहाँ दूतक बब्भ्रुवर्मा ब्रह्मुङ छन्। वार्त्त प्रसादगुप्तले मुद्दामामिलासम्बन्धी काम गरिरहेको वेलामा.

संवत् ४८२ श्रावणशुक्ल प्रतिपदाको दिन ।]

(*लिच्छविकालका अभिलेख* १८७-१८८ पृ., त्यहाँ छापिएको अनुवादमा केही फरक पारी यहाँ दिइएको छ ।)

सनदरूपको यस शिलापत्रमा संस्कृत शब्द तलसँग जोडिएर आएको शीताटिका र ग्रामसँग जोडिएर आएको टेग्वल संस्कृत शब्द होइनन् । त्यसैगरी अरू अभिलेखमा आएका कुथेर, शुली, लिङ्ग्वल, माप्चोक र ब्रह्मुङ यहाँ पनि आएका छन् ।

यही बेहोराका यही मितिका बलम्बुमा भेटिएका दुइ अभिलेखमा पनि संस्कृतेतर यी शब्द दोहरिएको कुरा यस प्रसङ्गमा स्मरणीय छ ।[1]

माथिकै मितिको गणदेव र भौमगुप्तका दुइटा अभिलेख किसिपिँडीमा पाइएका छन् । ती अभिलेख पनि माथि दिइएको चौकिटारकै अभिलेखकै बेहोराका छन् । त्यसमा किचप्रिचिङग्रामे भनी लेखिएको छ ।[2] यसबाट किसिपिँडीको पुरानो नाम किचप्रिचिङ देखिन्छ । किचप्रिचिङ पनि संस्कृतेतर शब्द हो ।

सतुङ्गलको गणदेव र भौमगुप्तको अभिलेखमा पनि चौकिटारकै अभिलेखजस्तो बेहोरा छ । त्यसमा ठाउँको नाममा कादुङ्ग्रामे कुँदिएको छ ।[3] कादुङ पनि संस्कृत शब्द होइन ।

गङ्गादेवको चपलीगाउँको वि.सं. ६२५को अभिलेखमा यस्तो लेखिएको छ -

...तुञ्चत्चतुग्रामनिवासिनो...

[तुञ्चत्चतुग्राममा बस्ने]

(*लिच्छविकालका अभिलेख*का २०४, २०६ पृ.)

ग्राम शब्दसँग जोडिएर आएको तुञ्चत्चतु संस्कृत शब्द होइन ।

शिवदेवको विष्णुपादुका फेदीको वि.सं. ६४८ को अभिलेखमा यस्तो लेखिएको छ-

... थंतुंरीद्रङ्गे ...

[थंतुंरीद्रङ्गमा]

(*लिच्छविकालका अभिलेख*का २१४, २१५ पृ.)

यहाँ प्रयुक्त संस्कृत शब्द द्रङ्गसँग जोडिएर आएको थंतुंरी शब्द संस्कृत होइन ।

---

१. *लिच्छविकालका अभिलेख*का १८९-१९० पृ.

२. *ऐजन* १९१-१९२ पृ.

३. ऐजन १९३ पृ.

शिवदेवको चापागाउँको अभिलेखमा यस्तो लेखिएको छ-

...**स्थरुद्रङ्गे**...

[स्थरुद्रङ्गमा]

(*लिच्छविकालका अभिलेख*का २२५,२२६ पृ.)

द्रङ्गसँग जोडिएर आएको स्थरु संस्कृत शब्द होइन ।

शिवदेव अंशुवर्माको चाँगुको अभिलेखमा यस्तो लेखिएको छ-

...**गुङ्दीमकग्रामनिवासिनः ...तत उदल्मलकसेतुशातुन्तीदुल्छिलागृह-खिलभूमिबुर्दुम्ब्रादुल्नदी...रिप्शिङ्कोसेतुप्रोंज्ञम्बुप्रोङ्निप्रङ्प्रोङ्प्रोवाङ्संक्रमेण... विह्लिङ्खोस्रोतः पर्व्वतस्योपरि विह्लिङ्मार्ग्गदक्षिणेन**...

[गुङ्दीमकग्राममा बस्ने उदल्मलक सेतु शातुन्तीदुल शिलागृहको बाँझो जग्गा र बुर्दुम्ब्रादुल नदीको दोभान, रिप्शिङ्को सेतु प्रोंज्ञम्बु प्रोङ्निप्रङ प्रोङ्प्रोवाङको दोभान, विह्लिङ्खो सोतो, पहाडमाथि विह्लिङको बाटोदेखि दक्षिणतिर]

(*लिच्छविकालका अभिलेख*का २३३,२३४,२३५ पृ.)

यहाँ आएका गाउँ बुझाउने गुङ्दीमक र नदी, पुल, सोतो, दोभान आदि बुझाउने उदल्मलक, शातुन्तीदुल, बुर्दुम्ब्रादुल, रिप्शिङ्को, प्रोंज्ञम्बु, प्रोङ्निप्रङ, प्रोङ्प्रोवाङ, विह्लिङ्खो र विह्लिङ संस्कृत शब्द होइनन् । यसबाट यी नाम पहिलेदेखि नै चलेर आएका देखिन्छन् ।

शिवदेव अंशुवर्माको बनेपाको अभिलेखमा यस्तो लेखिएको छ -

...**पूर्व्वेण तेखुंदुल्स्रोत...मार्ग्गगोटनक्षेत्र... दक्षिणेन धेलन्तीनदी**...

[पूर्वतिर तेखुंदुलको धार, बाटोको गोटन खेत, दक्षिणतिर धेलन्ती नदी]

(*लिच्छविकालका अभिलेख*को २४१ पृ.)

सोतो बुझाउने तेखुंदुल, खेत बुझाउने गोटन र नदी बुझाउने धेलन्ती तीनै शब्द संस्कृत होइनन् ।

शिवदेव अंशुवर्माको पाटन भीमसेनस्थानको वि.सं. ६५२ को अभिलेखमा यस्तो लेखिएको छ-

...**कुथेर्वृत्त्यधिकृतानां समुचितस्त्रिकरमात्रसाधना(यैव प्रवेशो)स्मिन् द्रङ्गे ...लिङ्ग्वलशुल्लीपञ्चापराधादिनिमित्तन्त्वप्रवे(श इति) प्रसादो वः कृतो**...

[कुथेर अड्डाका अधिकारीहरूले त्रिकर उठाउन मात्र पस्नु योग्य छ । लिङ्ग्वल शुल्ली अधिकरणले पञ्चापराधको तहकिकात आदि गर्न पनि यहाँ नपस्नू भनी तिमीहरूलाई निगाह गरिएको छ ।]

(*लिच्छविकालका अभिलेख*का २४४, २४५पृ.)

लिच्छविकालका प्रसिद्ध अधिकरण कुथेर, लिङ्गवल र शुल्लीको उल्लेख यहाँ पनि भएको छ। माथि भनिएजस्तै यी सबै शब्द संस्कृतेतर हुन्।

शिवदेव अंशुवर्माको भक्तपुर गोलमाढीटोलको वि.सं. ६५२ को अभिलेखमा यस्तो लेखिएको छ -

...माखोपृंसतलद्रङ्गनिवासिनः प्रधानपुरस्सरान्ग्रामकुटुम्बिनः कुशलपरिप्रश्नपूर्व्वं समाज्ञापयति ... कुथेर्वृत्यधिकृतानामत्र समुचितस्त्रिकरमात्रसाधनायैव प्रवेशो लेख्यदानपञ्चापराधाद्यर्थन्त्वप्रवेश इति प्रसादो वः कृत...

[तलसहितको माखोपृंद्रङ्गमा बस्ने मुखियालगायत ग्रामका गृहस्थीहरूलाई कुशलमङ्गल सोधेर आज्ञा भएको छ। कुथेर अधिकरणका अधिकृतहरूले त्रिकर उठाउनका लागि मात्र पस्नु योग्य छ। लेख्यदान र पञ्चापराधको तहकिकात गर्ने कामका निमित्तचाहिँ नपस्नू भनी तिमीहरूलाई निगाह गरिएको छ।]

(*लिच्छविकालको अभिलेख*का २४९,२५० पृ., त्यहाँ छापिएको अनुवादमा केही फरक पारी यहाँ दिइएको छ।)

द्रङ्गसँग जोडिएर आएको माखोपृं शब्द संस्कृत होइन। भक्तपुरलाई बुझाउने ख्वप शब्दको पूर्वरूप यो देखिन्छ। त्यसैगरी यहाँ पनि कुथेर शब्द आएको छ।

शिवदेव अंशुवर्माको भक्तपुर तुलाछेँटोलको वि.सं. ६५२ को अभिलेखमा यस्तो लेखिएको छ-

...खृपुङ्ग्रामे आसूर्यविध्वद्याग्रान्निवासिनः प्रधानपुरस्सरान्ग्रामकुटुम्बिनः कुशलपरिप्रश्नपूर्व्वं समाज्ञापयति...

[अहिलेदेखि सूर्यचन्द्र रहेसम्म अर्थात् प्रलय नभएसम्म खृपुङग्राममा बस्ने मुखियाहरूलगायत गृहस्थीहरूलाई कुशलमङ्गल सोधेर आज्ञा भएको छ।]

(*लिच्छविकालका अभिलेख*का २५३, २५४ पृ., त्यहाँ छापिएको अनुवादमा केही फरक पारी यहाँ दिइएको छ।)

ग्राम शब्दसँग जोडिएर आएको खृपुङ संस्कृतेतर शब्द हो। भक्तपुरलाई बुझाउने ख्वपको पूर्वरूप यो देखिन्छ।

शिवदेव अंशुवर्माको काठमाडौं धर्मस्थलीको वि.सं. ६५३ को अभिलेखमा यस्तो लेखिएको छ-

...कूथेरवृत्त्यधिकृतानामिह...

[यहाँ कूथेर अधिकरणका अधिकृतहरूले]

(*लिच्छविकालका अभिलेख*को २५८ पृ.)

यहाँ पनि कुथेर आएको छ ।

शिवदेव अंशुवर्माको बूढानीलकण्ठस्थानको वि.सं. ६५३ को अभिलेखमा यस्तो लेखिएको छ-

...आङ्लाबकसपितानरसिंहोभयपाञ्चालीनिवासिनो...कूथेर्वृत्त्यधिकृतानां...

[आङ्लाबकसपिता र नरसिंह भनिने दुवै पाञ्चालीमा बस्नेहरूलाई कुथेर अधिकरणका अधिकृतहरूले]

(*लिच्छविकालका अभिलेख*का २६०,२६१ पृ.)

यहाँ उल्लेख भएका दुइवटा ग्रामपाञ्चालीमध्येको आङ्लाबकसपिता संस्कृत शब्द होइन । त्यसैगरी कुथेर यहाँ पनि आएको छ ।

शिवदेव अंशुवर्माको सतुङ्गलको वि.सं. ६५४ को अभिलेखमा यस्तो लेखिएको छ -

....कादुङ्ग्रामनिवासिनः प्रधानपुरस्स(रान्ग्रामकु)टुम्बिनः कुशलमाभाष्य समाज्ञापय(ति) ...फेरङ्कोट्टनिवासिभिरन्यैश्च न कैश्चिद् दात्रकट्टारक-कुठारकाष्ठाद्याक्षेपो विधारणा वा कार्य्या ...

[कादुङग्राममा बस्ने मुखियालगायत ग्रामका गृहस्थीहरूलाई कुशलमङ्गल सोधेर आज्ञा भएको छ। फेरङकोट्टका बासिन्दाहरू र अरू कसैले पनि हँसिया, कटारी, बन्चरो र काठपात नखोस्नू तथा तिमीहरूलाई छेकथुन पनि नगर्नू ।]

(*लिच्छविकालका अभिलेख*का २६३, २६४ पृ.)

ग्रामसँग जोडिएर आएको कादुङ र कोट्टसँग जोडिएर आएको फेरङ संस्कृत शब्द होइनन् ।

शिवदेव अंशुवर्माको टोखाको वि.सं. ६५४/६५५को अभिलेखमा यस्तो लेखिएको छ-

... दक्षिणतो ज्ञातिखृन्नदी ...

[दक्षिणतिर ज्ञातिखृन नदी]

(*लिच्छविकालका अभिलेख*का २६७, २६८ पृ., त्यहाँ छापिएको अनुवादमा केही फरक पारी यहाँ दिइएको छ ।)

नदीसँग जोडिएर आएको ज्ञातिखृन संस्कृत शब्द होइन ।

शिवदेव अंशुवर्माको खोपासीको वि.सं. ६५५ को अभिलेखमा यस्तो लेखिएको छ-

...कुर्प्पासीग्रामनिवासिनः प्रधानपुरस्सरान् कुटुम्बिनः कुशलमभिधाय समाज्ञा(प)यति...

[कुर्पासीगाउँमा बस्ने मुखियालगायतका गृहस्थीहरूलाई कुशल-मङ्गल सोधेर आज्ञा भएको छ ।]

(*लिच्छविकालका अभिलेख*का २७४, २७५ पृ.)

ग्रामसँग जोडिएर आएको कुर्पासी संस्कृत शब्द होइन । अहिलेको काभ्रेपलाञ्चोक जिल्लाको खोपासी प्राचीनकालमा कुर्पासी शब्दले बुझाइन्थ्यो भन्ने यसबाट थाहा हुन्छ ।

शिवदेव अंशुवर्माको लेलेको वि.सं. ६६२ को अभिलेखमा यस्तो लेखिएको छ-

...लेम्बटीद्रङ्गनिवासिनः...

[लेम्बटीद्रङ्गमा बस्ने]

(*लिच्छविकालका अभिलेख*का २८२, २८३ पृ.)

द्रङ्गसँग जोडिएर आएको लेम्बटी संस्कृत शब्द होइन । यसबाट ललितपुर जिल्लाको लेलेको पुरानो नाम लेम्बटी देखिन्छ ।

अंशुवर्माको बुङ्मतीको वि.सं. ६६३ को अभिलेखमा यस्तो लेखिएको छ -

...बूगायूमीग्रामनिवासोपगता(न्)...

[बूगायूमीग्राममा बस्ने]

बूगायूमी संस्कृत शब्द होइन ।

(*लिच्छविकालका अभिलेख*का २९०,२९१ पृ.)

ग्रामसँग जोडिएर आएको बूगायुमी संस्कृत शब्द होइन । यसबाट ललितपुर जिल्लामा रहेको बुङ्मतीको प्राचीन नाम बूगायूमी देखिन्छ ।

अंशुवर्माको हाँडिगाउँको वि.सं. ६६४ को अभिलेखमा यस्तो लेखिएको छ-

...धावकगेच्छिंजाकस्य पु ३ प १...

[धावक (हलकारा) गेच्छिंजाकलाई ३ पुराण १ पण]

(*लिच्छविकालका अभिलेख*को ३०२ पृ.)

संस्कृत शब्द धावकसँग जोडिएर आएको गेच्छिंजाक संस्कृत शब्द होइन ।

अंशुवर्माको टिस्टुङ्गको अभिलेखमा यस्तो लेखिएको छ -

... तेस्तुङ्गग्रामीणानाम् ...

[टिस्टुङ्गग्रामका बासिन्दाहरूलाई]

(*लिच्छविकालका अभिलेख*का ३११,३१२ पृ.)

तेस्तुङ्ग संस्कृत शब्द होइन। यसबाट अहिलेको मकवानपुर जिल्लाको टिस्टुङको नाम प्राचीनकालमा तेस्तुङ्ग रहेको देखिन्छ।

अंशुवर्माको साँगाको वि.सं. ६६६ को अभिलेखमा यस्तो लेखिएको छ-

...शङ्गाग्रामनिवासिनः ...हाम्हुं वस्तु द्वादश तैलघटाः कूम्हुं वस्तु च पञ्च भवताम्पीडाकरमित्यवगम्य युष्मत्पीडापनोदार्थमद्याग्रेण प्रतिमुक्ता...

[शङ्गाग्राममा बस्नेहरूलाई तिमीहरूको दुःख बुझेर हाम्हुं भन्ने वस्तु, तेलका बाह्र घडा, कूम्हुं भन्ने वस्तु पाँच तिमीहरूको सुविधाको लागि आजदेखि छोडिदिएका छौं।]

(*लिच्छविकालका अभिलेख*को ३३७ पृ.)

ग्रामसँग जोडिएर आएको शङ्गा संस्कृत शब्द होइन। यसबाट हालको साँगाको नाम प्राचीनकालमा शङ्गा थियो भन्ने बुझिन्छ। त्यसैगरी वस्तुको प्रसङ्गमा आएका हाम्हुं र कुम्हुं शब्द पनि संस्कृतेतर हुन्।

अंशुवर्माको पाटन सुनधाराको वि.सं. ६६७ को अभिलेखमा यस्तो लेखिएको छ-

... माटिङ्ग्रामस्य दक्षिणतो...

[माटिङग्रामको दक्षिणतर्फ]

(*लिच्छविकालका अभिलेख*का ३३९, ३४०पृ.)

ग्रामसँग जोडिएर आएको माटिङ संस्कृत शब्द होइन।

ज्याबहालनिरको वि.सं. ६७१ को अभिलेखमा यस्तो लेखिएको छ-

...फृथुल्क्षेत्रम्पूर्व ... ततस्तेग्वल् ... ततस्तेग्वलनारायण ... तेग्वलप्रदीप-गौष्ठिकानाम्...

[फृथुल खेतबाट पूर्वतिर त्यसबाट तेग्वल त्यसबाट तेग्वलनारायणस्थान तेग्वलप्रदीपगौष्ठिकहरूको]

(*लिच्छविकालका अभिलेख*का ३४२,३४३पृ.)

यहाँ आएको खेतलाई बुझाउने फृथुल, नारायण तथा गोष्ठीसँग जोडिएर आएको तेग्वल पनि संस्कृत शब्द होइनन्।

पाटन नबहिलटोलको अंशुवर्माको अभिलेखमा यस्तो लेखिएको छ-

...मीर्मेलीतीशङ्करनारायणस्य...

[मीर्मेलीती शङ्करनारायणको]

(*लिच्छविकालका अभिलेख*का ३४५, ३४६ पृ.)

शङ्करनारायणसँग जोडिएर आएको मीर्मेलीती संस्कृत शब्द होइन ।

अंशुवर्माको तौखेलको वि.सं. ६७० को अभिलेखमा यस्तो लेखिएको छ-

... चुस्तुङ्ग्रामकुटुम्बिनः...पूर्वेण चुस्तुन्नदी दक्षिणेन खातकः पश्चिमेन पर्वतचूडामुत्तरेण चुप्रिङ्नदीत्येतत्सीममध्योपनिपातिनी भवताङ्ग्रामसन्निवेशार्थम्प्रसादीकृता भवद्भिरपि तेस्तुंशुल्म्हुंङ्ब्रम्हुंङाङ्करणीयञ्जङ्गशतत्रयन्देय...

[चुस्तुङग्रामका गृहस्थीहरूलाई पूर्वतिर चुस्तुङ नदी, दक्षिणतिर पोखरी, पश्चिमतिर पहाडको चुली, उत्तरतिर चुप्रिङ नदी रहेको छ। तिमीहरूले पनि तेस्तुङ, शुल्ट्मङ, ब्रम्हुङहरूलाई करको रूपमा तीन शय जङ्ग बुझाउनू ।]

(*लिच्छविकालका अभिलेख*का ३४८,३४९पृ.)

ग्रामसँग जोडिएर आएको चुस्तुङ, नदीसँग जोडिएर आएका चुस्तुङ र चुप्रिङ संस्कृत शब्द होइनन् । त्यसैगरी तेस्तुङ, शुल्ट्मङ, ब्रम्हुङ र जङ्ग पनि संस्कृत शब्द होइनन् ।

अंशुवर्माको नक्साल गैह्रीधाराको अभिलेखमा यस्तो लेखिएको छ -

...जोञ्जोन्दिङ्ग्रामनिवासिनः...भवतान्नीलीशालाप्रणालीकर्मपरितोषितैरस्माभि लिङ्ग्वल्षण्ढाश्विकवाहिकागन्त्रीबलीवर्दानामप्रवेशेन वः प्रसादः कृत...

[जोञ्जोन्दिङग्राममा बस्नेहरूलाई नीलीशाला(नक्साल)को धारा बनाउने कामले खुशी भएका हामीबाट लिङ्ग्वल(अधिकरण)ले पस्न नपाउने गरी तथा साँढे, बग्गी गाडा गोरुको आवतजावतलाई रोकिदिएर तिमीहरूलाई निगाह गरिएको छ ।]

(*लिच्छविकालका अभिलेख*का ३५४,३५५पृ.)

ग्रामसँग जोडिएर आएको जोञ्जोन्दिङ संस्कृत शब्द होइन । त्यसैगरी लिङ्ग्वल शब्द पनि यहाँ आएको छ ।

नघल श्रीघःबिहारको अभिलेखमा यस्तो लेखिएको छ-

...माथङ्ग्रामदक्षिणेन...

[माथङग्रामको दक्षिणतिर]

(*लिच्छविकालका अभिलेख*का ३८०, ३८१ पृ.)

ग्रामसँग जोडिएर आएको माथङ संस्कृत शब्द होइन ।

ललितपुर चपःटोलको अभिलेखमा यस्तो लेखिएको छ -

... पनप्फुनामपश्चिमप्रदेशे...

[पनप्फु भन्ने ठाउँको पश्चिमतिर]

(*लिच्छविकालका अभिलेख*का ३८२,३८३ पृ.)

स्थानवाचक पनप्फु शब्द संस्कृत होइन ।

बलम्बुनजिकैको भेल्बूको अभिलेखमा यस्तो लेखिएको छ-

...दक्षिणेन बद्राली...(उत्त)रपश्चिमेन थंसम्प्रिन्देवक्षेत्राली... हस्विमबिल्लीग्रामस्य...

[दक्षिणतिर बद्राली, उत्तरपश्चिमतिर थंसम्प्रिम देवताको खेतको आली, हस्विमविल्ली ग्रामको]

(*लिच्छविकालका अभिलेख*का ३९५,३९६पृ.)

यहाँ आएका बद्राली र थंसम्प्रिम संस्कृत शब्द होइनन् । त्यसैगरी ग्रामसँग जोडिएर आएको हस्विमविल्ली पनि संस्कृत शब्द होइन ।

ध्रुवदेव जिष्णुगुप्तको छिन्नमस्ताको वि.सं. ६८१ को अभिलेखमा यस्तो लेखिएको छ-

...थम्बूगाङ्शुल्मूलवाटिकाग्रामेषु निवासमुपगतान्कुटुम्बिनः... अशिङ्कोप्रदेशे मा ८...गाङ्शुल्ग्रामं पश्चिमेन कडम्प्रिङ्प्रदेशे मा ४ कङ्कुलंप्रदेशे मा ४...

[थम्बूगाङ्शूलमूलवाटिकाग्रामहरूमा बस्ने गृहस्थीहरूलाई अशिङ्कोप्रदेशमा ८ मानिका गाङ्शुल गाउँको पश्चिमपट्टि कडम्प्रिङप्रदेशमा ४ मानिका, कङ्कुलंप्रदेशमा ४ मानिका]

(*लिच्छविकालका अभिलेख*का ४०१,४०२,४०३ पृ., त्यहाँ छापिएको अनुवादमा केही फरक पारी यहाँ दिइएको छ ।)

ग्रामसँग जोडिएर आएका थम्बू र गाङ्शूल तथा प्रदेशसँग जोडिएर आएका अशिङ्को, गाङ्शुल, कडम्प्रिङ र कङ्कुलं संस्कृतेतर शब्द हुन् ।

ध्रुवदेव जिष्णुगुप्तको मालटारको वि.सं. ६८२ को अभिलेखमा यस्तो लेखिएको छ -

...माग्गोलग्राम...

[माग्गोलग्राम]

(*लिच्छविकालका अभिलेख*का ४०५, ४०६ पृ.)

ग्रामसँग जोडिएर आएको माग्गोल संस्कृत शब्द होइन ।

ध्रुवदेव जिष्णुगुप्तको आदेश्वरस्थानको अभिलेखमा यस्तो लेखिएको छ–

... छोगुंयुबीसामातलञ्जुग्रामेषु निवासमुपगतान्कुटुम्बिनः...

[छोगुं, युबीसामा, तलञ्जु गाउँहरूमा बस्ने गृहस्थीहरूलाई]

(*लिच्छविकालका अभिलेख*का ४११,४१२ पृ.)

यहाँ ग्रामसँग जोडिएर आएका छोगुं, युबीसामा र तलञ्जु संस्कृत शब्द होइनन् ।

ध्रुवदेव जिष्णुगुप्तको धादिङ केवलपुरको अभिलेखमा यस्तो लेखिएको छ -

...नुप्पुन्नद्रङ्गनिवासिनः ... दङ्खुट्टारथादिकरणीयप्रतिमोचनार्थं लिङ्ग्वलशोल्लादिनामप्रवेशाय...

[नुप्पुन्नद्रङ्गमा बस्ने गृहस्थीहरूलाई दङ्खुट्टारथा आदि गर्नुपर्ने काम माफ गरी लिङ्ग्वल शोल्ल आदि अधिकरणले पस्न नपाउने गर्नाको लागि]

(*लिच्छविकालका अभिलेख*का ४१४,४१५,४१६ पृ., त्यहाँ छापिएको अनुवादमा केही फरक पारी यहाँ दिइएको छ ।)

द्रङ्गसँग जोडिएर आएको नुप्पुन्न संस्कृत शब्द होइन । त्यसैगरी दङ्खुट्टारथा शब्द पनि संस्कृत शब्द होइन । प्रसिद्ध लिङ्ग्वल र शोल्ल अधिकरणको पनि यहाँ उल्लेख भएको छ ।

भीमार्जुनदेव जिष्णुगुप्तको बलम्बूको वि.सं. ६८९ को अभिलेखमा यस्तो लेखिएको छ-

...गीनुङ्वृत्तिभुजो दिग्वारवृत्तिभुजश्च...जोल्प्रिङ्ग्रामपाञ्चालिकानां ... पश्चिमेन न्हागुंमार्गखातकः उत्तरेण तैडोस्थलदक्षिणखातकः पूर्वेण नतिदुल् दक्षिणेन कंश्मशानखातकः ।...

[गीनुङ वृत्ति पाएका र दिग्वार वृत्ति पाएकाहरूलाई जोल्प्रिङग्रामका पाञ्चालीभित्रका बासिन्दाहरूलाई पश्चिमपट्टि न्हागुं जाने बाटोको पोखरी, उत्तरपट्टि तैडोस्थलदक्षिणको पोखरी, पूर्वपट्टि नतिदुल, दक्षिणपट्टि कंश्मशानको पोखरी]

(*लिच्छविकालका अभिलेख*का ४१९, ४२० पृ.)

वृत्तिसँग आएका गीनुङ र दिग्वार, ग्रामसँग आएको जोल्प्रिङ, चार किल्लामा आएको न्हागुं, तैडोस्थल, नतिदुल र कं संस्कृत शब्द होइनन् ।

जिष्णुगुप्तको पालाको भगवत्प्रनर्दन प्राणकौशिकको पशुपति छत्रचण्डेश्वरको अभिलेखमा यस्तो लेखिएको छ -

... पिखूग्रामे मा १० षाफनादूलके मा २० पागुमके मा ५ पोग्रामे मा २ खूलप्रिङ्ग्रामे मा ९...

[पिखूग्राममा १० मानिका, षाफनादूलकमा २० मानिका, पागुमकमा ५ मानिका, पोग्राममा २ मानिका, खूलप्रिङग्राममा ९ मानिका]

(*लिच्छविकालका अभिलेख*को ४२७ पृ.)

स्थानवाचक पिखू, षाफनादूलक, पागुमक, पो र खूलप्रिङ यी शब्द संस्कृततेतर हुन् ।

जिष्णुगुप्तको पालाको भक्तपुर जिल्ला बोडेनजिकैको नीलवाराहीमन्दिरको अभिलेखमा यस्तो लेखिएको छ -

....याप्रिङ्ग्रामे स्थितवति....लुन्श्रीप्रदेशजम्....दुप्रङ्गामनिवासिभ्यो ...

[याप्रिङग्राममा बसेका लुन्श्री प्रदेशको दुप्रङग्राममा बस्नेहरूलाई]

(*लिच्छविकालका अभिलेख*का ४३१,४३२ पृ.)

ग्रामसँग जोडिएर आएका याप्रिङ र दुप्रङ तथा प्रदेशसँग जोडिएको लुन्श्री संस्कृत शब्द होइनन् ।

भीमार्जुनदेव जिष्णुगुप्तको थानकोटको वि.सं. ६९० को अभिलेखमा यस्तो लेखिएको छ-

...थेञ्चोग्रामनिवासिनः...चोख्परानामधेयचैलकरम्प्रतिमुच्य दत्ता ... पूर्वदक्षिणे येब्रंखरो दक्षिणेन थम्बिदुल् ततोनुसृत्य दक्षिणेनैव सुरिसिंबत्ती दक्षिणेन नदी दक्षिणपश्चिमेन शलङ्खा पश्चिमेन खातकस्ततोनुसृत्य पहञ्चो ततो लुम्बञ्चो ... सिंकरे...

[थेञ्चोग्राममा बस्नेहरूलाई चोख्परा भनिने चैलकर माफी गराएर दिइएको थियो । पूर्वदक्षिणपट्टि येब्रंखर, दक्षिणपट्टि थम्बिदुल, त्यतैतिरबाट लागी दक्षिणपट्टि सुरिसिंबत्ती, दक्षिणपट्टि खोला, दक्षिणपशिचमपट्टि शलङ्खा, पशिचमपट्टि पोखरी त्यतैतिरबाट लागी पहञ्चो त्यसपछि लुम्बञ्चोसम्म, सिं भनिने करमा]

(*लिच्छविकालका अभिलेख*का ४३४,४३५ पृ.)

ग्रामसँग जोडिएको थेञ्चो संस्कृत शब्द होइन । यस अभिलेखबाट थानकोटको प्राचीन नाम थेञ्चो देखिन्छ । त्यस्तै कपडाको करको नाममा आएको चोख्परा पनि संस्कृत शब्द होइन । चार किल्लाको प्रसङ्गमा आएका येब्रंखर, थम्बिदुल, सुरिसिंबत्ती, शलङ्खा, पहञ्चो र लुम्बञ्चो पनि संस्कृत शब्द होइनन् । करको प्रसङ्गमा आएको सिं पनि संस्कृत शब्द होइन ।

विष्णुगुप्तको मालिगाउँको वि.सं. ६९० को अभिलेखमा यस्तो लेखिएको छ–

...यदि परिभ्रश्यान्यत्पत्यन्तरमुपाददत एवं द्वितीयं सङ्ग्रह(मुप)याता नि(:पु)त्रवत्यो भविष्यन्ति तासु माप्चोकाधिकारोयं यथाव्यवस्थम्प्रवर्तयितव्यस्ता–स्वप्यतीतासु यतीसारुप्यकन्तन्नाम्ना परिभाषितञ्च धनं तम्माप्चोकवृत्तिभुजा ग्राह्यं ततोपि पुरुषपरितोषमभावयित्वा बहुशोपि

व्यपेतलज्जाः प्रखलस्वभावाश्चारित्रधर्मा(पग)(ता) युवत्यः सन्तोषहीना प्रथमे विरक्ता रागानुषक्ताः पुरुषं भजन्ते तापि यदि पुत्रवत्यो भविष्यन्ति नैव माप्चोकाधिकारभागधेया...

[विवाहपछि पतित भई अरू लोग्ने लिन्छन्, यसरी दोस्रो सङ्ग्रह (ल्याइते स्वास्नी) हुन पुगेर पनि निस्सन्तान हुन्छन् भने तिनीहरूमा माप्चोक अधिकरणले लाग्ने कानून लाउनू। तिनीहरूको शेषपछि यतीसारुप्य नाउँले तोकिएको धन माप्चोकका जागीरदारले लिनू। तैपनि लोग्नेबाट सन्तुष्ट नभई धेरैबाजि लाज पचाएका, खराब स्वभावका, चरित्र धर्मबाट च्युत भएका, पहिलो लोग्नेदेखि विरक्त भएका, कामवासनातिर झुकेका असन्तुष्ट युवतीहरू अरू लोग्ने लिन्छन् र तिनीहरूको सन्तान भयो भनेचाहिँ माप्चोक अधिकरणले कारवाही गर्नुपर्दैन ।]

(*लिच्छविकालका अभिलेख*को ४३९ पृ., त्यहाँ छापिएको अनुवादमा केही फरक पारी यहाँ दिइएको छ ।)

प्रसिद्ध अधिकरण माप्चोक संस्कृत शब्द होइन। विशेषगरी न्यायसम्बन्धी काम गर्ने यो अधिकरण लिच्छविकालअघिदेखिकै हो भन्ने स्पष्ट हुन्छ ।

भीमार्जुनदेव विष्णुगुप्तको सुनाकोठीस्थित भृङ्गारेश्वरको वि.सं. ६९८ को अभिलेखमा यस्तो लेखिएको छ-

...**कशष्ठीविष्टिभारानयन**...

[कशष्ठीविष्टिको भारी ल्याउने काममा]

(*लिच्छविकालका अभिलेख*का ४४९,४५० पृ.)

विष्टिसँग जोडिएर आएको कशष्ठी संस्कृत शब्द होइन ।

नरेन्द्रदेवको ललितपुर दरबारको भन्सारचोकको वि.सं. ७०० को अभिलेखमा यस्तो लेखिएको छ-

...**भट्टमाप्चोकाधिकारयोः प्रा(ब)ल्यादवश्यं जनस्य महती पीडेत्यन-योरेवाधिकारयोरप्रवेशेन प्रसादः कृत...पुनरप्येषां पीटल्जाधिकारम्प्रतिमुच्य प्रसादीकृतमेवमर्थं विदित्वैतदधिकृतैर्न कैश्चिदेतद्गता पीडा कर्तव्या ...**

[भट्ट र माप्चोकको अधिकार लागु गरिराख्दा जनतालाई अवश्य पनि ठूलो मर्का परिरहेको छ भनीकन यी दुइ अधिकार झिकी निगाह गरिएको छ। फेरि यति उपकार गरेर चित्त नबुझेको हुनाले पीटल्जा अधिकार पनि झिकी निगाह गरिएको छ।]

(*लिच्छविकालका अभिलेख*का ४५८,४५९,४६० पृ.)

यहाँ आएको पीटल्जा संस्कृत शब्द होइन । माप्चोक शब्द पनि यहाँ आएको छ ।

नरेन्द्रदेवको यङ्गालहिटीको वि.सं. ७०१ को अभिलेखमा यस्तो लेखिएको छ-

...कोङ्कोबिल्वमार्गहुस्प्रिन्दुङ्ग्रामैरेभि...

[कोङ्को बिल्वमार्ग हुस्प्रिन्दुङ यी ग्रामहरू]

(*लिच्छविकालका अभिलेख*का ४६४,४६५ पृ.)

ग्रामसँग जोडिएर आएका कोङ्को र हुस्प्रिन्दुङ संस्कृत शब्द होइनन् ।

नरेन्द्रदेवको पालाको देउपाटनको वि.सं. ७०३ को अभिलेखमा यस्तो लेखिएको छ-

...चुहुङ्गपेड्या... गिच्छिजानामिलगतिवल ... चुहुंगपेडानियुक्तस्य...

[चुहुङ्गपेड्या गिच्छिजा नामिल गतिवल चुहुंगपेडामा नियुक्त गरिएकाको]

(*लिच्छविकालका अभिलेख*का ४७२,४७३ पृ.)

यस अभिलेखमा आएका चुहुङ्गपेड्या, गिच्छिजा, नामिल र गतिवल संस्कृत शब्द होइनन् ।

नरेन्द्रदेवको अनन्तलिङ्गेश्वरको अभिलेखमा यस्तो लेखिएको छ-

...कोङ्कोग्रामपाञ्चालिकानान्तण्डुलमानिका...

[कोङ्कोग्रामपाञ्चालिकलाई मानिका चामल]

(*लिच्छविकालका अभिलेख*का ४८६,४८८ पृ.)

ग्रामसँग जोडिएर आएको कोङ्को संस्कृत शब्द होइन ।

नरेन्द्रदेवको ललितपुर यागवहालको वि.सं. ७३७ को अभिलेखमा यस्तो लेखिएको छ-

... गुल्लंतङ्गग्रामनिवासिनः ... गोमिभूधञ्चोप्रदेशे ... पश्चिमङ्गत्वा खारेवालाञ्चो... बृहत्पथस्तत्पूर्वोत्तरङ्गत्वा कम्बीलम्प्रा ...परिगेस्पुल्लीपार्श्वे मार्ग...

[गुल्लंतङ्गग्राममा बस्ने गोमिभूधञ्चोप्रदेशमा पश्चिमतिर गई खारेवालाञ्चो, मूलबाटो त्यसपछि पूर्वउत्तरतिर गएर कम्वीलम्प्रा परिगेस्पुल्लीनजीकैको बाटो]

(*लिच्छविकालका अभिलेख*का ४९६,४९७,४९८ पृ., त्यहाँ छापिएको अनुवादमा केही फरक पारी यहाँ दिइएको छ ।)

यहाँ आएका स्थानवाचक गुल्लंतङ्ग, गोमिभूधञ्चो, खारेवाल्गञ्चो, कम्बीलम्प्रा र परिगेस्पुल्ली संस्कृत शब्द होइनन् ।

नरेन्द्रदेवको पशुपति वज्रघरनिरको वि.सं. ७३७ को अभिलेखमा यस्तो लेखिएको छ-

...सीमा चास्य पूर्वोत्तरेण श्रेष्ठदुल्मूर्ध्नि प्रीतुब्रुमध्यमाली तस्याः किञ्चित्पूर्वेण बृहदाल्या दक्षिणमनुसृत्य चुट्त्वङ्गभूमिम्पूर्वदक्षिणेन वेष्टयित्वा म्हुप्रिङ्गामी मार्गस्तन्दक्षिणमनुसृत्य सरलवनगामी मार्गस्तम्पश्चिममनुसृत्य म्हुप्रिम्पाञ्चालिकक्षेत्रपश्चिमकोणाद्दक्षिणपश्चिममनुसृत्य श्रीखर्जुरिकाविहारस्य सर्वोपरिपक्षेत्रपश्चिमाल्या दक्षिणङ्गत्वा पृच्छिब्रूदक्षिणेश्वराम्बुतीर्थक्षेत्राणां सन्धिः ततश्च दक्षिणमनुसृत्य शशिक्षेत्रपूर्वदक्षिणकोणात्किञ्चित्पश्चिमङ्गत्वा मित्तम्ब्रूपूर्वाल्या दक्षिणमनुसृत्य तत्सर्वदक्षिणाल्या पश्चिमङ्गत्वा किञ्चिदुत्तरञ्च ततः पश्चिमनुसृत्य च निम्ब्रूदक्षिणपश्चिमकोणाद्दक्षिणङ्गत्वा लोप्रिङ्ग्रामेन्द्रगौष्ठिकक्षेत्रपूर्वदक्षिणकोणात्किञ्चित्पश्चिमङ्गत्वा म्हुप्रिम्पाञ्चा-लिकक्षेत्रपश्चिमाल्या दक्षिणमनुसृत्य ... भूमेरुत्तरपूर्वकोणे म्हुप्रिङ्गामी बृहत्पथ...मेकण्डिदुल्तिलमकसङ्गम...यावल्लोप्रिङ्गामिनम्मार्ग... बृहदा(राम)स्य पूर्वोत्तरकोणादधोवतीर्य वनपर्यन्तमुपादाय फंशिन्प्रल्स्रोत ... कन्दराग्रानुसारेण श्रेष्ठिदुल्मूर्ध्नि सैव प्रीतुब्रुमध्यमाली...

[यसको सीमा यस प्रकारको छ-पूर्वोत्तरतिर श्रेष्ठिदुलको शिरानमा प्रीतुब्रुको माझको आली साँध, त्यसको केही पूर्वतिर ठूलो आली साँधदेखि दक्षिणतिर लागी चुट्त्वङ्गभूमिलाई पूर्व र दक्षिणतिरबाट बेरेर म्हुप्रिङ जाने बाटो, त्यसको दक्षिणतिर लागी सल्लोको वन जाने बाटो, त्यसको पश्चिमपट्टि लागी म्हुप्रिङ पाञ्चालीको खेतको पश्चिम कुनाबाट दक्षिणपश्चिमतिर लागी श्रीखर्जुरिकाविहारको सर्वोपरिप खेतको पश्चिम आली साँधबाट दक्षिणतिर लागी पृच्छिब्रू दक्षिणेश्वर र अम्बुतीर्थका खेतको दोसाँध, त्यताबाट पनि दक्षिणतिर लागी शशिखेतको पूर्वदक्षिण कुनाबाट केही पश्चिमतिर लागी मित्तम्ब्रूको पूर्व आली साँधबाट दक्षिणतिर लागी त्यही सर्व(खेत)को दक्षिण आली साँधबाट पश्चिमतिर र केही उत्तरतिर लागी त्यताबाट पश्चिमतिर लागी निम्ब्रूको दक्षिणपश्चिम कुनाबाट दक्षिणतिर लागी लोप्रिङ ग्रामको इन्द्रगौष्ठिकहरूको खेतको पूर्वदक्षिण कुनाबाट केही पश्चिमतिर लागी म्हुप्रिङ पाञ्चालिकको खेतको पश्चिम आली साँधबाट दक्षिण लागी भूमिदेखि उत्तरपूर्व कुनामा म्हुप्रिङ जाने मूल बाटो, मेकण्डिदुल कुलोको सङ्गम, लोप्रिम जाने सडकसम्म, ठूलो बगैंचाको पूर्वोत्तर कुनाबाट तलतिर ओर्ह्ली वनको छेउसम्म पुगी फंशिन्प्रल सोतो,

गुफाको अघिल्लो भागबाट गई श्रेष्ठिदुलको शिरानमा त्यही प्रीतुब्रुको माझको आली साँध]

(*लिच्छविकालका अभिलेखका* ४९९, ५००, ५०१, ५०२ पृ., त्यहाँ छापिएको अनुवादमा केही फरक पारी यहाँ दिइएको छ ।)

जग्गाको साँधको प्रसङ्गमा आएका श्रेष्ठिदुल, प्रीतुब्रु, चुम्वङ्ग, म्हुप्रिङ, पृच्छिब्रू, मित्तम्ब्रू, निम्ब्रू, लोप्रिङ, मेकण्डीडुल र फंशिन्प्रल संस्कृत शब्द होइनन् ।

नालाको शिवदेव (द्वितीय) को पालाको वि.सं. ७५२ को अभिलेखमा यस्तो लेखिएको छ-

...उपरिमनालङ्गग्रामस्योपभो(गा)र्थम्...

[उपरिम नालङ्गग्रामको भोगचलनको लागि]

(*लिच्छविकालका अभिलेख*को ५१२ पृ.)

नालङ्ग संस्कृत शब्द होइन । यसबाट काभ्रेपलाञ्चोक जिल्लाको नालाको पुरानो नाम नालङ्ग देखिन आएको छ ।

काठमाडौँ लगनटोलको शिवदेव (द्वितीय) को वि.सं. ७५२ को अभिलेखमा यस्तो लेखिएको छ-

... **दक्षिणतश्च तेङ्खुः पश्चिमेनापि तेङ्खुः उत्तरस्यामपि चिशिमण्डातिलमकः...**

[दक्षिणतिर तेङ्खु पशिचमतिर पनि तेङ्खु उत्तरतिर चिशिमण्डा कुलो]

(*लिच्छविकालका अभिलेख*का ५१५,५१६ पृ.)

यहाँ आएका तेङ्खु र चिशिमण्डा संस्कृत शब्द होइनन् ।

काठमाडौँ बलम्बूको शिवदेव(द्वितीय)को वि.सं. ७६२/७६३ को अभिलेखमा यस्तो लेखिएको छ -

...फलन्जुविष्ट्या च विनिर्मुक्तः सतलशीताटीद्रङ्गनिवासिनां पालनोपभोगार्थं ... एष च ग्रामः फवद्रङ्ग्रामस्य दक्षिणपश्चिमेन गंप्रोन्दिङ्ग्रामस्यापि पश्चिमोत्तरेण गणिदुङ्ग्रामस्य चोत्तरपूर्वतो नुपुनग्रामस्यापि दक्षिणपूर्वेणामीषाञ्चतुर्ण्णाङ्ग्रामाणां सीमा सत्वौमालम्बासंज्ञके प्रदेशे समावासयितव्या...दक्षिणालिकासमीपे आम्रवृक्षस्तत्पपश्चिमतो लुल्जुस्रोतसमुत्तीर्य दांयम्बीगम्प्रोन्दिन्दावाकोट्टसीमामध्ये त्रिसन्धिसंज्ञकः प्रदेशस्तस्योत्तरतः पुत्तीनदी तस्या एवोपरिष्टाद् यावत्पुत्तीयवद्रुनदीसङ्गम-स्तमुत्तीर्य किञ्चिदारुह्य च ... यावत्सलम्बूराजवासकस्योत्तरेण पूर्वतोपि राजवासके पानीयारोपित एवोपभिधिसिस्तीखोट्टक्षेत्रोत्तरेणाम्रपाद-

पस्तत्पूर्वतोपि गोल्लंस्रोतसोधस्ताद् यावद् गौतमाश्रमसरित्सङ्गमस्तस्य चाधस्तादुत्थिमनदीसम्वैद्यस्तामवतीर्यारुह्य च दण्डङ्गुंबृहत्पथस्य त्रिसन्धि- संज्ञकात्पश्चिमेनारुह्य किञ्चित्पालणस्य च दक्षिणतो बृहद्वनं तद्दक्षिणतोपि वस्तुंक्षैत्त्रं ...

[फलन्जुविष्टि नलाग्ने गरीकन तलसहितको शीताटीद्रङ्गका बासिन्दाहरूलाई हेरचाह र भोगचलनको लागि यो ग्राम फवद्रङग्रामको दक्षिणपश्चिममा, गंप्रोदिङग्रामको पश्चिमउत्तरमा, गणिदुङग्रामको उत्तरपूर्वमा, नुपुनग्रामको दक्षिणपूर्वमा रहेको छ। यी चार ग्रामको साँध सत्वौमालम्वा भन्ने प्रदेशमा टुङ्ग्याउनू।

दक्षिण आली साँध नजीकै रहेको आँपको रूख, त्यताबाट पश्चिमपट्टि लुज्जुसोतो तरी दांयम्बी गम्प्रोन्दिङ दावाकोट्टको सीमाको बीचमा त्रिसन्धि भनिने ठाउँ, त्यसको उत्तरतिर पुत्तीनदी, त्यसैको माथितिर पुत्ती यवदु नदीको दोभान, त्यसलाई तरी केही उकालो लागी सलम्बू राजवासकको नजीकै उत्तरतिर सोतोनिरको ठूलो शालको रूख, त्यसको पूर्वदक्षिणतिर माशरूख, त्यसको पूर्वतिर राजवासमा लगिएको पानीको सोतो, उपभिधि सिस्तीखोट्ट खेतको नजीकै उत्तरतिर आँपको रूख, त्यसको पूर्वतिर गोल्लं सोतोको तलतिर गौतमाश्रम र खोलोको दोभान, त्यसको तलतिर उत्थिम नदीसम्वैद्य, त्यसलाई नाघेर उकालो लागी दण्डङ्गुंको मूल सडकको त्रिसन्धि भनिने ठाउँबाट पश्चिमतिरबाट केही उकालो लागी दण्डङ्गुंको दक्षिणतिर ठूलो जङ्गल, त्यसको दक्षिणतिर वस्तुंखेत]

(*लिच्छविकालका अभिलेख*का ५३२, ५३३ पृ., त्यहाँ छापिएको अनुवादमा केही फरक पारी यहाँ दिइएको छ।)

यहाँ आएको झारासँग सम्बद्ध फलन्जु संस्कृत शब्द होइन। चार किल्लाको ग्रामसँग जोडिएर आएका फवद्रङ, गंप्रोदिङ, गणिद्रुङ र नुपुन संस्कृत शब्द होइनन्। चार किल्लाको प्रसङ्गमा आएका सत्वौमालम्वा, लुज्जु, दांयम्बी, गम्प्रोन्दिङ, सलम्बू, उपभिदी, सिस्तीखोट्ट, गोल्लं, उत्थिम, दण्डङ्गुं पनि संस्कृत शब्द होइनन्। नदीसँग जोडिएर आएका पुत्ती र यवदु पनि संस्कृत शब्द होइनन्।

ललितपुर च्यासलटोलको जयदेव (द्वितीय) को वि.सं. ७७१ को अभिलेखमा यस्तो लेखिएको छ -

...पश्चिमेन रेटापाञ्चाली... लोम्प्रिंपाञ्चालिवाटिकायाः पश्चिमोत्तरङ्गत्वा... पुनुपाञ्चालिकाक्षेत्रस्य च पश्चिमोत्तरङ्गत्वा लोप्रिंपाञ्चालिकाक्षेत्रस्य पश्चिमेनोत्तरं गत्वा नारायणदेवकुलदशमीगौष्ठिक-

क्षेत्रस्याप्युत्तरङ्गत्वा लोप्रिंग्रामेन्द्रगौष्ठिकक्षेत्रस्योत्तरं गत्वोमातीर्थक्षेत्रस्यचोत्तरं गत्वा...

[पश्चिमतिर रेटापाञ्चाली लोप्रिङपाञ्चालीको बारीबाट पश्चिमोत्तर लागी, पुनुपाञ्चालिकाको खेतको पनि पश्चिमोत्तरतिर लागी, लोप्रिङपाञ्चालीको खेतको पश्चिमबाट उत्तरतिर लागी नारायणदेवमन्दिरको दशमीगौष्ठिकको खेतको पनि उत्तरतिर लागी लोप्रिङग्राम र इन्द्रगौष्ठिकको खेतको उत्तरतिर लागी, उमातीर्थको खेतको पनि उत्तरतिर लागी]

(*लिच्छविकालका अभिलेख*को ५४० पृ., त्यहाँ छापिएको अनुवादमा केही फरक पारी यहाँ दिइएको छ ।)

पाञ्चालीसँग जोडिएर आएका रेटा, लोप्रिङ र पुनु संस्कृत शब्द होइनन् ।

ललितपुर मीननाथमन्दिरनजिकैको धाराको जयदेव (द्वितीय) को वि.सं. ७८१ को अभिलेखमा यस्तो लेखिएको छ-

...गीग्वल्पाञ्चालिकैरे(को भा)गो ग्राह्यो जाज्जेपाञ्चालिकैरेको भागस्तेग्वल्पाञ्चालिकैरेको भागो यूग्वल्पाञ्चालिकैस्त्रयो (भागा)...

[गीग्वलका पाञ्चालिकहरूले एक भाग, जाज्जेका पाञ्चालिकहरूले एक भाग, तेग्वलका पाञ्चालिकहरूले एक भाग, यूग्वलका पाञ्चालिकहरूले तीन भाग]

(*लिच्छविकालका अभिलेख*को ५४४ पृ.)

पाञ्चालिकसँग जोडिएर आएका गीग्वल, जाज्जे, तेग्वल र यूग्वल संस्कृत शब्द होइनन् ।

काठमाडौं जैसीदेवलनिरको वि.सं. ७८५को अभिलेखमा यस्तो लेखिएको छ-

...लञ्जलग्वल्पाञ्चा(लि)का(नां) नित्योपभोगार्थम्...

[लञ्जग्वल पाञ्चालीका बासिन्दाहरूले सधैं खान पाऊन् भनी]

(*लिच्छविकालका अभिलेख*को ५४७ पृ.)

पाञ्चालीसँग जोडिएको आएको लञ्जग्वल संस्कृत शब्द होइन । काठमाडौं लगनको पूर्वरूप लञ्जग्वल देखिन्छ ।

पाटन मङ्गलबजारको धाराको वि.सं. ८०३ को अभिलेखमा यस्तो लेखिएको छ-

...चुल्लंखूपछिम...

[चुल्लंखू पश्चिम]

(*लिच्छविकालका अभिलेख*को ५९० पृ.)

चुल्लंखू संस्कृत शब्द होइन ।

पाटन यङ्गबहालको वि.सं. ८१३ को अभिलेखमा यस्तो लेखिएको छ-

...एतङ्ग्रामलहुग्वले प्रतिवसं हूँधर्मजीवः स्वयम्...

[एतङ्ग्राम लहुग्वलमा बस्ने हूँ धर्मजीवले]

(*लिच्छविकालका अभिलेख*को ५९१ पृ.)

यहाँ आएको स्थानवाचक लहुग्वल संस्कृत शब्द होइन ।

चाँगुको बलदेवको राज्यकालको वि.सं. ९०५ को अभिलेखमा यस्तो लेखिएको छ-

...लङ्खाग्रामनिवासि...

[लङ्खाग्राममा बस्ने]

(*लिच्छविकालका अभिलेख*को ५९५पृ.)

यहाँ ग्रामसँग जोडिएर आएको लङ्खा संस्कृत शब्द होइन ।

माथिका उदाहरणबाट लिच्छविकालका सबै अभिलेख संस्कृत भाषामा लेखिएका थिए, तर मुख्यमुख्य अड्डा, खोला, बस्ती, पोखरी, डाँडा, वन, सोतो, कर आदिका नाम संस्कृतभन्दा भिन्न भाषामा थिए भन्ने स्पष्ट हुन्छ । लिच्छविकालका अरू अभिलेखमा पनि संस्कृतेतर शब्दको प्रयोग भएको छ । उदाहरणको रूपमा नक्साल नारायणचौरको जयदेवको अभिलेखलाई देखाउन सकिन्छ । त्यहाँ आएका ह्मप्रिङ्ग, पुठम्प्रिङ्ग, जमयम्वी, पुंदट्ट, लंखुलउट्टण, उडणेहुश यसका उदाहरण हुन् ।[४] संस्कृत भाषामा आफ्नो राजकीय व्यवहार चलाउने लिच्छविहरूले यी शब्दचाहिँ किन संस्कृतेतर भाषामा राखे भन्ने प्रश्न उठ्नु आश्चर्यको कुरा होइन । हाम्रा वंशावलीहरूले लिच्छविभन्दा अघि किरात शासन चलेको थियो भनेर स्पष्टसँग लेखेका छन् । त्यसैगरी *पशुपतिपुराण* र *हिमवत्खण्ड*मा पनि किरातपछि लिच्छविशासन चल्यो भनेर लेखिएको छ भनी माथि नै भनिसकिएको छ । *लिच्छविकालका अभिलेख*मा देखिएका ती शब्द किरात परिवारका भाषाका हुन् भनेर विद्वान्हरूले लेखेका छन् ।[५] माथिका यी

---

४. *लिच्छविकालका अभिलेख*का ५६४-५६७ पृ.

५. *पूर्णिमा* १७ पूर्णाङ्कका १-८ पृ.
*धनवज्र वज्राचार्यको ऐतिहासिक लेखसंग्रह १ भाग*का १-७ पृ.
*लिच्छविकालका अभिलेख*का ४४-४७ पृ.
*नेपालनिरूपण*का २८-३२,२८७ पृ.
एन्शियन्ट नेपाल् तेस्रो संस्करणको २५ पृ.

कुराबाट लिच्छविशासनभन्दा अघि नेपालमा किरात शासन थियो भन्ने प्रामाणिक ठहरिन्छ ।[६]

नेपाल-गढका ८-२४ पृ.
प्राचीन नेपाली संस्कृतिको १३ पृ.
किरात येले संवत् अभिलेखका २५,१२५-१२६, १६२-१६४, १८५-१८६ पृ.
नेपालको इतिहासका पाँच स्वर्णिम पृष्ठका १५-१७ पृ.

६. *नेपालनिरुक्तका* ७,२६-२७ पृ.
नेपालनिरूपणको ८७ पृ.
नेपालका आराध्य देव भगवान् श्रीपशुपतिनाथको ८ पृ.
इमानसिंह चेम्जोङ : व्यक्तित्व र कृतित्व, इमानसिंह चेम्जोङ शतवार्षिकी समारोह स्मारिकाका २३-२४ पृ.
वंघःत्वाःया आजुद्यः व येँदेयूका ३-५ पृ.

वंशावलीहरूका विषयमा

नेपालमा पहिले दन्त्यकथा र वास्तविक घटना मिलाएर वंशावली लेख्ने चलन थियो। आजभन्दा करिव सवा छ सय वर्षअघि स्थितिराज मल्लको पालामा वंशावली लेखिएको थियो, जुन अहिले *गोपालराजवंशावली* नामले प्रख्यात छ। नेपालको इतिहासको खोजी गर्न वेलायती संस्कृतज्ञ सेसिल बेन्डल र बङ्गाली संस्कृतज्ञ हरप्रसाद शास्त्री वि.सं. १९५५ मा नेपाल आएका थिए। यही अन्वेषणक्रममा कलियुगदेखि कुरा उठाएर वि.सं. १४४५ सम्मका घटनाको बयान भएको भ्रष्ट संस्कृत र तात्कालिक नेवारी भाषामा भुजिमोल लिपिमा ताडपत्रमा लेखिएको पुस्तक बेन्डलले वीर-पुस्तकालय (अहिलेको राष्ट्रिय अभिलेखालय)मा भेट्टाएका थिए। बेन्डलले यसका विषय र शैलीका आधारमा सो ग्रन्थलाई क्रमशः *पहिलो वंशावली, दोस्रो वंशावली र तेस्रो वंशावली* भनी तीन भागमा छुट्ट्याए। आफूले तयार गरेको वि.सं. १०५७ देखि १६५७ सम्मको *नेपालको इतिहास*मा बेन्डलले सो वंशावलीको पनि आफूले बुझेजति भागको उपयोग गरे। आफूले तयार गरेको सो इतिहास उनले वि.सं. १९६० मा बङ्गालको एसियाटिक सोसाइटीको पत्रिकामा प्रकाश गराएका थिए। त्यसपछि नेपालको इतिहासका अन्वेषकहरूको दृष्टि सो वंशावलीमा पर्न गयो। सो वंशावलीमा पहिलो राजवंशावलीका रूपमा गोपालवंशको वर्णन गरिएकोले त्यसले *गोपालराजवंशावली* भन्ने नाउँ पाएको हो।[1] *गोपालराजवंशावली*मा महिषपाल राजा भुवनसिंहलाई जितेर किरातहरूले राज्य गरे, पहिलो किरात राजा एलम हुन्, उनले ९० वर्ष राज्य गरे, ३२ जना किरात राजा भए, वत्तीसौँ किरात राजा खिगुलाई जितेर सूर्यवंशीहरूले शासन गरे, ती

---

१. *नेपालनिरूपण*को ८७ पृ.
पूर्णिमा ३१ पूर्णाङ्कका १६१-१६२ पृ.

किरातीहरू तामाकोसी र अरुणको बीचको भागमा बस्छन् भन्ने लेखिएको छ ।[२]

सृष्टिदेखि शुरू गरी नेपालको इतिहासको घटनाको बयान गरी नेपाली भाषामा लेखिएको पुस्तक वंशावली नामले प्रख्यात छ। धेरैपटक थप्दै झिक्दै तयार गरिएको सो पुस्तकमा वि.सं. १९४८ सम्मको घटना दिइएको छ। सो वंशावली काठमाडौँका धेरैजसो घरानाको घरमा पनि रहेको छ। बहुसङ्ख्यक नेपालीले पढ्ने गरेको स्वदेशी इतिहासको एकमात्र पुस्तक धेरैसमयसम्म त्यही नै रहेको थियो। नेपाली भाषामा लेखिएकाले सो वंशावलीलाई *भाषावंशावली* पनि भनिन्छ। वि.सं. १८९१ मा सिद्धिनारायण र वि.सं. १९३५ मा बुद्धिमानसिंहले तयार गरेको प्रति पनि पाइएकाले त्यसवेला पनि वंशावलीमा विशेष काम भएको बुझिन्छ।[३] *भाषावंशावली*का विभिन्न संस्करणमध्ये केहीको चर्चा तल गरिन्छ।

वीरपुस्तकालय चौथो ३३२ सङ्ख्यामा रहेको *भाषावंशावली*मा सृष्टिदेखि शुरू गरी पृथ्वीनारायण शाहसम्मका कुरा लेखिएको छ। त्यसैगरी नेपाल राष्ट्रिय पुस्तकालय हस्तलिखित ७३८० सङ्ख्यामा रहेको *भाषावंशावली*मा वीरशमशेरसम्मका कुरा लेखिएको छ। ती दुवैको आधारमा नयनाथ पौडेलद्वारा *भाषावंशावली* र देवीप्रसाद लम्सालद्वारा *भाषावंशावली* द्वितीय भाग प्रकाशन गरिएको छ। त्यसमा महिषपाल राजालाई हराई किरातीहरूले शासन गरे, पहिला किराती राजा यलम्बले ९० वर्ष राज्य गरे, अठ्ठाइसौँ किराती राजा गलिजको पालामा क्षत्रिय राजाले जिती शासन गरे, कलिगतवर्ष १५१६ जाँदा किरात राजाहरूले जम्मा १७४१ वर्ष राज्य गरे भनी लेखिएको छ।[४]

*राजभोगमाला*नामक वंशावली *प्राचीन नेपाल*का विभिन्न अङ्कमा पुरातत्त्वविभागबाट छापिएको छ। सृष्टिदेखि शुरू गरी रणजित् मल्ल काशी गएसम्मको बयान त्यसमा गरिएको छ। त्यस वंशावलीमा महिषपाल राजा भुवनसिंहलाई जिती किरातीहरू राजा भए, पहिला किरात राजा यलम्बले ९० वर्ष राज्य गरे, अन्तिम किरात राजा गलिजलाई जितेर सूर्यवंशी राजा भए, किरात राजाहरूले जम्मा १७४१ वर्ष राज्य गरे, त्यसवेला कलियुग १५१६ वर्ष बितेको थियो भनी लेखिएको छ।[५]

---

२ द *गोपालराजवंशावली*का २५,२६ पृ.

३ *पूर्णिमा* ३१ पूर्णाङ्कका १६५-१६६ पृ.

४ *भाषावंशावली*का ४८-५१ पृ.

५ *प्राचीन नेपाल* ८ सङ्ख्याका १-३ पृ.

वि.सं. १८४९ मा नेपाल-चीन युद्ध भएपछि इस्ट इन्डिया कम्पनीको दूतका रूपमा आएका कर्णेल विलियम कर्कप्याट्रिकले *यान् अकाउन्ट् अफ् द किङ्डम् अफ् नेपौल्*नामक पुस्तक लेखेका छन्। त्यसमा महिप गोपाल राजा भवानीसिंहलाई जितेर किरातीहरूले शासन गरे, पहिलो किराती राजा येल्लुङ हुन्, येल्लुङले ९० वर्ष ३ महिना राज्य गरे, अन्तिम किराती राजा गुल्लिजङ हुन्, सत्ताइस किराती राजाले १६३० वर्ष राज्य गरे, गुल्लिजङलाई जितेर सूर्यवंशीहरूले शासन गरे भनी लेखिएको छ।[६]

वि. सं. १८५८ मा इस्ट इन्डिया कम्पनीको दूत भई कप्तान नक्स नेपाल आएका थिए। तिनै नक्ससँग आएका औषधोपचार गर्ने डाक्टर फ्रान्सिस बुच्नान हेमिल्टनले आफू काठमाडौँमा बस्दा नेपालको इतिहास आदिका विषयमा निकै बुझ्ने काम गरे। नक्सको मिसन काठमाडौँबाट फर्केपछि पनि नेपालको सीमानजिकैको पूर्णिया आदि ठाउँमा बसी इतिहाससम्बन्धी खोजमा लागेका हेमिल्टनले *यान् अकाउन्ट् अफ् द किङ्डम् अफ् नेपाल्*नामक पुस्तक प्रकाश गरेका छन्। त्यस पुस्तकमा महिप गोपाल राजालाई जितेर किरातीहरू राजा भए, सत्ताइस जना किराती राजाले १६३० वर्ष राज्य गरे, तिनलाई सूर्यवंशी क्षत्रियले हराए भनी लेखिएको छ।[७]

वि.सं. १८७२ फागुन १६ गते भएको सुगौली सन्धिपछि काठमाडौँमा अङ्ग्रेजी दूतावास रह्यो। नेपालस्थित अङ्ग्रेजी दूतावासमा सामान्य कर्मचारीका रूपमा वि.सं. १८७७ मा प्रवेश गरेका ब्रायन हघ्टन हड्सन क्रमशः ठूलो पदमा पुग्दै राजदूतसम्म पुगे। वि.सं. १८८९ देखि १८९९ सम्म राजदूत भएर रहेका उनले नेपालविषयका धेरै सामग्रीको सङ्कलन गरे। त्यही सङ्कलनका क्रममा सत्ययुगदेखि वि.सं. १८८२ सम्मको घटना भएको पद्म गिरी नामका व्यक्तिले तयार पारेको नेपाली भाषाको वंशावली उनको हातमा पऱ्यो र उनले त्यसको अङ्ग्रेजीमा अनुवाद गराए। हड्सनले सङ्ग्रह गरेको सो वंशावली अङ्ग्रेजी अनुवादसहित लन्डनको इन्डिया अफिसको पुस्तकालयमा रहेको छ। सोही अनुवाद विक्रमजित् हसरतद्वारा *हिस्टरि अफ् नेपाल्*मा छापिएको छ। सो वंशावली श्री ५ राजेन्द्रविक्रम शाहको आदेशमा वि.सं. १८९४ देखि १८९९ भित्र तयार पारिएको हो।[८]

---

६ *यान् अकाउन्ट् अफ् द किङ्गडम् अफ् नेपौल्*का २५७, २५८ पृ.
७ *यान् अकाउन्ट् अफ् द किङ्डम् अफ् नेपाल्*को १८९ पृ.
८ *पूर्णिमा* ४३ पूर्णाङ्कका ११०-१११ पृ.
*गोरखाको इतिहास चौथो भाग*को ९३७ पृ.

त्यस वंशावलीमा पूर्वबाट आएका किरातीहरूले अहिरराजा भुवनसिंहलाई हराएर शासन गरे, पहिलो किरात राजा इलम्ब हुन्, उनले ५० वर्ष राज्य गरे, २२ औं किराती राजा गस्तीको पालामा कलिगतसंवत् १११८ वर्ष बित्दा सूर्यवंशीले किरातहरूलाई हराएर शासन गरे भनी लेखिएको छ।[९]

जङ्गबहादुरका पालामा नेपालमा रहेको अङ्ग्रेजी राजदूतावासमा औषधोपचार गर्ने डाक्टरका रूपमा रहेका हेन्रि एम्ब्रोस ओल्ड्फील्डले *स्केच्इज् फ्रम् निपाल्* भन्ने पुस्तक लेखेका छन्। त्यस पुस्तकमा महिप गोपाललाई जितेर किरातीहरूले राज्य गरे, किरातीहरूका सेनापति यलुङले शासन गरे, २७ जना किराती राजाहरूले करिब ८०० वर्ष शासन गरे, त्यसपछि किरातीहरूलाई जितेर सूर्यवंशी क्षत्रियहरूले शासन गरे भनी लेखिएको छ।[१०]

नेपालमा रहेको अङ्ग्रेजी दूतावासमा श्री ३ जङ्गबहादुरका पालामा औषधोपचार गर्ने डाक्टरका रूपमा आएका डेनियल राइटले नेपालका बारेमा खोजीनिती गर्न थाले। यहाँ वंशावली लेख्ने परम्परा पहिलेदेखि भएकोले वंशावलीमा नयाँ नयाँ घटना थप्दै जाने र एक पुस्तापछि अर्को पुस्ताले वंशावलीको सम्पादन गरेर त्यसलाई अद्यावधिक गर्ने चलन थियो। वंशानुगत ढङ्गले सोही काममा लागेका पाटनका पण्डित गुणानन्दको सहयोगबाट राइटले नेपालीमा लेखिएको एउटा वंशावली भेट्टाए र दूतावासका मीरमुन्शी शिवशङ्कर सिंहलाई त्यसको अङ्ग्रेजीमा उल्था गर्न लगाए। त्यसको सम्पादन गरेर आफ्नो विस्तृत उपोद्घात राखी राइटले *हिस्टरि अफ् नेपाल्* नाम दिई वि.सं. १९३३ मा क्याम्ब्रिजबाट प्रकाश गराए। त्यस वंशावलीमा सत्ययुगदेखि वि.सं. १८८६ सम्मका घटनाको बयान छ।[११] त्यस वंशावलीमा पूर्वबाट आएका किरातीहरूले अहिरवंशका तेस्रा राजा भुवनसिंहलाई हराए, यलम्बर पहिला किराती राजा भए, किरातवंशका २९ औं राजा गस्तीलाई सोमवंशीले हराए र शासन गरे भनी लेखिएको छ।[१२]

सृष्टिदेखि वि.सं. १९४७ सम्मको घटनाको बयान गरी आधुनिक भाषामा तयार पारिएको वंशावली *प्राचीन नेपालका* विभिन्न अङ्कमा *नेपाल देशको इतिहास* नामले छापिएको छ। त्यस वंशावलीमा महिषपाल

---

९ *हिस्टरि अफ् नेपाल्*का ३४-३५ पृ.

१० *स्केचेज् फ्रम् निपाल् १ भाग*को २५७ पृ.

११ *पूर्णिमा* ४३ पूर्णाङ्कको १११ पृ.

१२ *हिस्टरि अफ् नेपाल्*का १०९-११२ पृ.

राजालाई जितेर किरातीले शासन गरे, यलम्बनामक पहिला किराती राजाले ९० वर्ष राज्य गरे, २८ जना किराती राजाले १०४१ वर्षसम्म राज्यभोग गरे भनी लेखिएको छ।[१३] गुरुज्यू हेमराज शर्मा र चन्द्रशमशेरका छोरा केसरशमशेरको सङ्ग्रहमा रहेको सो वंशावलीमा अरू वंशावलीमा नपाइने अभिलेख आदिका कुरा पनि धेरै राखिएको छ। यसैले त्यो वंशावली तयार गर्न उनीहरूको पनि परिश्रम परेको थियो भन्ने अनुमान गर्न सकिन्छ।

यी त भए ठूला वंशावलीका कुरा। ठूला वंशावली तयार गरिएजस्तै तिनको संक्षिप्त रूप तयार गर्ने चलन पनि हाम्रो यहाँ चलेको थियो। अब त्यस विषयमा यहाँ केही चर्चा गरिन्छ।

काठमाडौँ उपत्यकाको एक राजवंशावली शीर्षकमा बालचन्द्र शर्माद्वारा प्राचीन नेपालका विभिन्न अङ्कमा संक्षिप्त वंशावली छापिएको छ। त्यस वंशावलीमा शुरूदेखि वि.सं. १९४२ मा रणोद्दीपसिंहको हत्या हुनुभन्दा अगाडिसम्मको बयान गरिएको छ। त्यसमा किरातकालको बयान पनि केही छ। पहिला किरात राजा यलम्बले ५० वर्ष राज्य गरे भनी त्यस वंशावलीमा लेखिएको छ।[१४]

संक्षिप्त वंशावलीको एउटा संस्करण दिनेशराज पन्तद्वारा *संक्षिप्त वंशावली*को नामले छापिएको छ। त्यहाँ अहिर गोपाल राजा भुवनसिंहलाई पूर्वबाट आएका किरातीले जिते र राजा भए, पहिला राजा यलम्ब हुन्, अन्तिम राजा केसु हुन्, केसुको पालामा पश्चिमबाट सोमवंशी आई किरातीहरूलाई हटाए, १११८ वर्षसम्म राज्य गरेका किरातीहरू माझ किरातमा बस्न गए भन्ने उल्लेख छ।[१५]

महेशराज पन्तको सङ्ग्रहमा रहेको संक्षिप्त हस्तलिखित वंशावलीमा सृष्टिदेखि शुरू गरी बयालीस साल पर्वसम्मको कुरा दिइएको छ। त्यसमा पूर्वदेखि आएका किरातीहरूले गोपाल राजालाई जितेर राज्य गरे, पहिला किराती राजा यलम्ब हुन्, उनले ५० वर्ष राज्य गरे, अन्तिम किराती राजा गसमि हुन्, किरातीहरू कलिगतवर्ष ११० सम्म शासन गरी माझकिरातमा बस्न गए भनी लेखिएको छ।

राष्ट्रिय अभिलेखालय पञ्चम १३८४ माइक्रोफिल्म नम्बर बी २३९।१४ मा एउटा वंशावली छ। संस्कृत भाषामा पद्यमा लेखिएको, काठमाडौँ नक्साल चारढुङ्गे बस्ने हरिनाथ ढुङ्गानाले वि.सं. १९५६ चैतमा

---

१३ *प्राचीन नेपाल १३ सङ्ख्या*का ८-१० पृ.

१४ *प्राचीन नेपाल* ४ सङ्ख्याको ८ पृ.

१५ *संक्षिप्त वंशावली*का १५-१६ पृ.

बनाएको सो वंशावली श्री ३ वीरशमशेरलाई चढाइएको हो। त्यस वंशावलीमा सृष्टिदेखि शुरू गरी वीरशमशेरले आफ्ना छोरा गेहेन्द्रशमशेरलाई जनरल पदवी दिएको कुरासम्म छ। गोपाल राजा भवसिंहलाई जितेर किरातीहरू आए, पहिला किराती राजा यलम्ब हुन्, यलम्बदेखि सुगस्मीसँगका २६ जना किराती राजाले शासन गरे, किरातीहरूले १२४३ वर्षसम्म शासन गरे, किरातीहरूलाई जिती निमि कलिगतसंवत् १३५३ मा राजा भए भनी लेखिएको छ।

वंशावलीकारहरूले आफ्नो समय र आफ्नो समयभन्दा लगत्तैअघिको इतिहासलाई प्रामाणिकरूपमा दिएका हुन्छन्। *गोपालराजवंशावली* नभएको भए स्थितिराज मल्ल र त्यसअघिका दुई तीन सय वर्षअघिसम्मको नेपालको इतिहास अन्धकारमा रहने थियो। शाहकालमा बनेका *भाषावंशावली* नभएका भए पनि त्यस्तै स्थिति हुन्थ्यो होला, तर जतिजति समय अघि बढ्दै गयो, त्यति नयाँनयाँ खोज हुँदै जाँदा ती लेखाइमध्ये सबै विश्वासयोग्य ठहरिएका छैनन्। यसो भए तापनि वंशावलीमा लेखिएका हुनाले यी प्रामाणिक छैनन् भनी ठानिएका कति कुरा पनि पछिल्ला अनुसन्धानद्वारा प्रामाणिक ठहरिएको यस प्रसङ्गमा स्मरणीय छ।

वि.सं. १९३७ मा भगवानलाल इन्द्रजीले नेपालका २३ वटा अभिलेखको सम्पादन गरी प्रकाश नगरेसम्म नेपालको इतिहास भन्नु नै *वंशावली* थियो। वि.सं. १९४१ मा भगवानलालले *नेपालको इतिहासमा केही विचार* भन्ने निबन्धमा वंशावलीमा भएका केही असङ्गति देखाइदिएकाले[१६] वंशावलीको लेखाइ अप्रमाणिक रहेछ भन्ने प्रकाशमा आयो। पछि वंशावलीका कुरा नमिलेका अरू लेख पनि प्रकाशमा आउन थालेपछि वंशावलीको लेखाइमा विद्वान्हरूको विश्वास कम हुँदैगयो। तात्कालिक समयमा लेखिएका लेखहरू नकेलाई वंशावलीको मात्र भर परी लेखिएका इतिहासका पुस्तकमा रहेका अशुद्धिको खण्डन इतिहास-संशोधनको माध्यमद्वारा वि.सं. २००९ देखि नयराज पन्तको निर्देशनमा रहेको शिष्यसमूहले गर्न थालेपछि मानिसहरूले वंशावलीलाई अझ अप्रामाणिक र भ्रमोत्पादक ठान्न थाले, तर वंशावली खालि अप्रामाणिक र भ्रमोत्पादक कुराको सङ्ग्रहमात्र होइन, त्यसमा सत्य कुरा पनि प्रशस्त छन्। उदाहरणका रूपमा अठारौं शताब्दीका काठमाडौं राज्यका एकजना

---

१६ *इन्डिअन् यान्टिक्वरि* १३ वर्षका ४११-४८२ पृ.
पूर्णिमा ४५ पूर्णाङ्कका प.शि. १-५ पृ.
लिच्छविसंवत्को निर्णयका १९२-२३७ पृ.

चौतारा लक्ष्मीनारायण जोशीको विषयलाई लिन सकिन्छ। वि.सं. १७३१ मा काठमाडौँका राजा प्रताप मल्लको मृत्यु भएपछि कान्तिपुर दरबारमा झगडा शुरू भयो र मन्त्रीहरूको प्रभाव बढ्दै गयो। ती मन्त्रीमध्येका लक्ष्मीनारायणले आफ्ना प्रतिद्वन्द्वी चिकुटिको हत्या गराई आफ्नो स्थिति झन्झन् बलियो बनाउँदै लगे। राजा नाबालक भएकाले र राजमातालाई समेत मुठीमा लिन सकेकाले लक्ष्मीनारायणको कान्तिपुरमा पूरै हालीमुहाली थियो। पछि लक्ष्मीनारायणका विरोधीहरू उनलाई मार्न सफल भए। यी कुरा वंशावलीमा लेखिएको भए पनि सोही कालका शिलापत्र, ताम्रपत्र, चिठ्ठीपत्र आदिका आधारमा प्रामाणिक ढङ्गले लेखिएको वि.सं. २००४ मा प्रकाशित तोत्रराज पाण्डे र नयराज पन्तको *नेपालको संक्षिप्त इतिहास*मा ती घटनाको चर्चा गरिएन। भूपालेन्द्रको ने.सं. ८०९ (वि.सं. १७४६ आसन्न) को मोहरमा एकापट्टि नेपालेश्वर राजेन्द्र श्री २ जयभूपालेन्द्र मल्ल र अर्कापट्टि लक्ष्मीनारायण ८०९ लेखिएको छ। टकमा प्राय: राजाको नाम कुँदिने र कहिलेकहीँमात्र राजाको ज्यादै नजिकका नातेदारको मात्र नाउँ कुँदिने उदाहरण भेटिने हुनाले *नेपालको संक्षिप्त इतिहास* लेख्ने इतिहासकारहरूको मनमा वंशावलीमा चर्चा गरिएका लक्ष्मीनारायण जोशी यिनै लक्ष्मीनारायण त होइनन् भन्ने शङ्कासम्म पनि उठ्न गएन र *नेपालको संक्षिप्त इतिहास*मा लक्ष्मीनारायणलाई भूपालेन्द्र मल्लका भाइ तुल्याई उनलाई त्यसवेला हर्ताकर्ता बनाइएको छ। भूपालेन्द्र जन्मेको समय *नेपालको संक्षिप्त इतिहास* छापिएको धेरैवर्षपछि मात्र पत्ता लागेकाले राजा त नौ-दस वर्षका छन् भने उनका भाइ झन् साना हुने भए, त्यसकारण यति साना मान्छे हर्ताकर्ता हुनु सम्भव छैन भन्ने प्रश्न त्यसवेला उठेन र १२ वर्षसम्म लक्ष्मीनारायण भूपालेन्द्रकै भाइका रूपमा इतिहासका विद्यार्थीमा चिनिँदै रहे। लक्ष्मीनारायणको विषयमा उही कालका प्रामाणिक साधन भेटिएकाले बल्ल वि. सं. २०१६ मा मात्र *इतिहास-संशोधन* ५० क्रमागत सङ्ख्यामा धनवज्र वज्राचार्यद्वारा प्रकाश भयो र लामो समयसम्म रहेको भ्रम हट्न गयो। यति भन्नाको तात्पर्य हामीले धेरैपछि भेट्टाएका केही ऐतिहासिक साधन पनि वंशावलीकारले पहिले नै प्रयोग गरिसकेका थिए भन्ने हो।[१७]

पाल्पाली राजा मुकुन्द सेनले नेपालखाल्डोमा गरेको हमलाको बयान विभिन्न वंशावलीमा गरिएका छन्। कुनै वंशावलीमा विक्रमको एघारौँ शताब्दीको अन्त्यतिर, कुनै वंशावलीमा विक्रमको बाह्रौँ शताब्दीको

---

१७ *पूर्णिमा* ४३ पूर्णाङ्कका १०५-१०९ पृ.

उत्तरार्धतिर, कुनै वंशावलीमा वि.सं. ११०७ देखि ११६५ भित्रको कुनै वर्षमा, कुनै वंशावलीमा वि.सं. १३१५ मा, कुनै वंशावलीमा वि.सं. १३१५ देखि १३७३ भित्रका कुनै वर्षमा, कुनै वंशावलीमा वि.सं. १२८८ देखि १३३६ भित्रको कुनै वर्षमा मुकुन्द सेनको आक्रमण भयो भनी लेखिएको छ।[१८] मुकुन्द सेनका बाबु रुद्र सेनको वि.सं. १५७१ को पत्र छापिएकाले[१९] त्यति अगाडि मुकुन्द सेन हुनु सम्भव नभएकाले प्रामाणिक ऐतिहासिकहरूले त्यस घटनाको सत्यतालाई सकार्न सकेनन् र मुकुन्द सेनको हमला मनगढन्त कथाका रूपमा इतिहासका विद्यार्थीमा चर्चित भइरह्यो। पछिल्लो अनुसन्धानद्वारा वि.सं. १५८१, १५८२ मा मुकुन्द सेनले नेपालखाल्डोमा हमला गरेका थिए भन्ने कुरा तात्कालिक प्रामाणिक लिखतमा पाइएकाले[२०] वंशावलीकारहरूले मुकुन्द सेनको आक्रमणको काल अशुद्ध लेखे तापनि मुकुन्द सेनको आक्रमण भएको थियो भन्ने कुरा उनीहरूलाई थाहा थियो भन्ने स्पष्ट हुन्छ। यसबाट वंशावलीमा लेखिएका कुरा सबै प्रामाणिक नभए तापनि केही प्रामाणिक कुरा पनि वंशावलीमा हुन्छन् भन्ने स्पष्ट हुन आउँछ।

वंशावलीहरूमा लेखिएका सबै कुरा प्रामाणिक हुँदैनन् भने सबै कुरा अप्रामाणिक पनि हुँदैनन् भन्ने कुरा माथिको विश्लेषणबाट आएको छ। यस ग्रन्थको मूल विषय किरात राजा यलम्बरको कालसँग पनि यो जोडिन आउँछ। त्यसको एउटा उदाहरण यहाँ दिइन्छ । *संक्षिप्त वंशावली*मा किरातीहरूले जम्मा १११८ वर्ष राज्य गरे भनेर लेखिएको छ।[२१] त्यस वंशावलीमा पहिलो राजा यलम्बरदेखि अन्तिम राजा केसुसम्मको राज्यभोग वर्ष यसरी दिइएको छ-

यलंब ५०
पन्थी ३५
सकंद ३८
बलंव २१
हित्ती १९
हुमती २१
जीत्यदास्ति ९

---

१८ ऐजन १२५ पृ.
१९ ऐजन १३५ पृ.
२० *पूर्णिमा* ४५ पूर्णाङ्कका ७-९ पृ.
२१ *संक्षिप्त वंशावली*को १६ पृ.

मर्लींग ६१
कुस्कं ६९
सुवेस्व ४५
पर्व ४५
पंच ३७
नेते ४९
लुके ५३
थारव ३९
थोको ४०
वमे ४१
गुंज ३९
फस्कं ३५
केसु ३१

(*संक्षिप्त वंशावली*का १५-१६ पृ.)

यी किरात राजाका राज्यभोगवर्षको योग गर्दा जम्मा ७७७ वर्ष हुन आउँछ। १११८-७७७ = ३४१। यसबाट एकमुष्ट किरातकाल भनी दिइएको र प्रत्येक राजाको राज्यभोगवर्षको योगमा ३४१ वर्षको अन्तर परेको छ भन्ने स्पष्ट छ।

विभिन्न प्रमाणबाट किरातकालको अस्तित्व सिद्ध भएको अवस्थामा किरातकालको कुरा दिएर वंशावलीकारहरूले एकातिर गुन लगाएका छन् भने अर्कातिर त्यहाँ लेखिएका सबै कुरा प्रामाणिक नदेखिनाले हामीलाई अलमलमा पारेको छ भन्ने पनि यतासम्मको कुराबाट स्पष्ट हुन्छ।

वंशावलीहरूबाट निर्धारण हुने यलम्बरकाल

हाम्रा वंशावलीहरू किरातकालको चर्चा गर्दा पहिला किरात राजा यलम्बरको उल्लेख गर्छन् । यलम्बरको नाम एलम, इलम्ब, यलम्व, यलिम्ब, येलुङको रूपमा पनि लेख्ने चलन छ ।[1] यो नाम एउटैको हो भन्ने स्पष्ट

---

१ *द गोपालराजवंशाली*को २५ पृ.
प्राचीन नेपाल ७ सङ्ख्याको २४ पृ.
प्राचीन नेपाल १३ सङ्ख्याको ९ पृ.
प्राचीन नेपाल २१ सङ्ख्याको ४४ पृ.
*द लिम्बुज् अफ् द इस्टर्न् हिमालयाज्*को ६६ पृ.
*भाषावंशावली*को ४६ पृ.
*यान् अकाउन्ट् अफ् द किङ्डम् अफ् नेपौल्*को २५७ पृ.
*संक्षिप्त वंशावली*को १५ पृ.
नेपाल हिन्दू अधिराज्यको इतिहास (दोस्रो खण्ड)को ५३ पृ.
नेपाल् मण्डल १ भागका ९६, ९७, २३८ पृ.
*नेपालको पौराणिक इतिहास*को १२४ पृ.
*नेपाल का प्राचीन इतिहास*को १९ पृ.
*लिम्बूआनको ऐतिहासिक अध्ययन*का २६-२७ पृ.
*नेपालको पौराणिक इतिहास*को १२४ पृ.
नेपालको संक्षिप्त इतिहास दोस्रो संस्करणको ७ पृ.
*प्राचीन नेपालको संक्षिप्त किरात इतिहास*का ८,५६ पृ.
*राज्यको पुनःसंरचना, समावेशी प्रजातन्त्र र किरातहरूको प्रजातान्त्रिक अधिकार*का ५५, ५७,५८,६० पृ.
*नवीन दृष्टिमा नेपालको प्राचीन इतिहास*को ११० पृ.
*किरातहरूको आत्मनिर्णयको अधिकार*को ५७ पृ.
*किरात राईहरूबारे*को ६१ पृ.
*नेपालको ऐतिहासिक रूपरेखा*का ३३, ५३, ७३ पृ.
*किरात याक्खाको इतिहासः एक छलफल*को ७८ पृ.

छ। यलम्बर नैं व्यापक चलनचल्तीमा रहेकोले यस ग्रन्थमा हामीले यलम्बर नै प्रयोगमा ल्याएका छौं। यी यलम्बरको राज्यकालका विषयमा अब चर्चा गरिन्छ।

यस वंशको राजधानी गोकर्णमा थियो। यिनीहरूको १११८ वर्षसम्म राज्य रह्यो।

यलम्बर द्वापरयुगका १२ वर्ष बाँकी रहँदा आए।

(भगवानलाल इन्द्रजीले सङ्ग्रह गरेको वंशावली, *लिच्छविसंवत्को निर्णय*को १९४ पृ.)

यसबाट कलियुग लाग्नुभन्दा १२ वर्षअगाडि यलम्बर राजा भएका देखिन्छन्। कलिगतवर्ष ३०४४ मा विक्रमसंवत् शुरू भएको हो।[२] यताबाट ३०४४+१२= ३०५६ वि.पू.मा यलम्बर राजा भएका देखिन्छन्।

इ राजाका पालामा पुर्व दिशादेखी किरातीहरू आई गोपालहरूकन जिती नेपालका राजा भया. राजाका नाउं यलंब वर्ष ५०.अस्य पुत्र पन्थी वर्ष ३५. इ राजाका पालामा कलीयुगको पाउले पृथ्विकन छोयो भनी चारै दिसाका ज्योतिषि पण्डितहरूले सुनाया....कलीयुगचरणत्रिपादमध्ये अगनैकपादेन सम्वंसो जात कलीगतवर्ष ५

(*संक्षिप्त वंशावली*को १५ पृ.)

कर्कप्याट्रिकले प्रयोग गरेको वंशावलीमा पनि यलम्बरको राज्यकालको यही वर्ष दिइएको छ।[३]

५०+३५ =८५-५ =८०

पौराणिक किराँत इतिहासको १५ पृ.
किरात इतिहासका ११, १६ पृ.
*नेपालको इतिहास र रामनगरको इतिहास*को २२ पृ.
*नेपाल अधिराज्यको संक्षिप्त परिचय*को १७ पृ.
*संक्षिप्त नेपाल इतिहास*को ४४ पृ.
किरात ऐतिहासिक घटनाक्रमको २ पृ.
किरात ऐतिहासिक घटनाक्रम दोस्रो संस्करणको ८ पृ.
*नेपालको इतिहासका पाँच स्वर्णिम पृष्ठ*को १५ पृ.
लैकुपश्चिमका लोकसंस्कृति तथा किरात सभ्यताको १९६ पृ.
*प्राचीन किरात-इतिहास*को १४३ पृ.
स्केचेज् फ्रम् निपाल् १ भागको २५७ पृ.
*अ शर्ट् हिस्टरि अफ् नेपाल्*को १० पृ.
२ *पूर्णिमा* ५ पूर्णाङ्कको १० पृ.
३ *यान् अकाउन्ट् अफ् द किङ्डम् अफ् नेपौल्*को २५७ पृ.

यसबाट कलियुग लाग्नुभन्दा ८० वर्षअगाडि यलम्बर राजा भएका देखिन्छन् अर्थात् ३०४४+८०= ३१२४ वि.पू.मा उनी राजा भएका देखिन्छन् ।

कलि लाग्ने वेलामा द्वापर युग बाँकी छदै पूर्व दिशाबाट एलम्ब भन्ने किराती राजा आई ठूलो प्रतापले महिषपाल राजालाई युद्धमा जिती नेपालका राजा भए । ...एलम्बनामक किराती राजाले ९०वर्ष राज्य गरे । यिनका पुत्र राजा पबिले वर्ष ७९।३राज्य गरे । ...यिनका शेषपछि यिनका पुत्र धस्कन्दले ३७ वर्ष राज्य गरे । यिनका शेषपछि यिनका पुत्र चलंचले वर्ष ३१।६ राज्य गरे । यी राजाको राज्याभिषेक भएको १९ वर्षपछि कलियुगको प्रथम पाउले पृथ्वीमा प्रवेश गरेको ५ वर्ष लाग्यो भनी दिशादिशामा रहेका ज्योतिर्विद् पण्डितहरूले राजालाई बिन्ति गर्न आए ।

(*प्राचीन नेपाल* १३ सङ्ख्याका ८,९पृ.)

९०+७९।३+३७+१९=२२५।३-५ =२२०।३

यसबाट कलियुग लाग्नुभन्दा २२० वर्षअघि अर्थात् ३०४४+२२० =३२६४ वि.पू.मा यलम्बर राजा भएको देखिन आउँछ ।

प्रथम किरात राजा श्रीयलम्ब भोगवर्ष ९०...अस्य पुत्र श्रीराजा पंवी भोगवर्ष ७९।३...अस्य पुत्र श्रीराजा धस्कन भोगवर्ष ३७. अस्य पुत्र श्रीराजा बलंब भोगवर्ष ३१।६. इन राजाले राज्याभिषेक भयाप्रान्त १९ वर्षपछि २३ वर्ष भोग सक्दा कलियुगका पादले पृथ्वीमा स्पर्श गऱ्याको ५वर्ष लाग्यो भनी चारै दिशाका ब्राह्मण ज्योतिष पण्डितहरू आई राजगृहमा सुनाउन आया ।

(*भाषावंशावली*का ४६, ४८ पृ., *प्राचीन नेपाल* ७ सङ्ख्याको २४ पृ., ८ सङ्ख्याका १-२ पृ.)

९०+७९।३+३७+२३=२२९।३-५ =२२४।३

यसबाट कलियुग लाग्नुभन्दा २२४ वर्षअघि अर्थात् ३०४४+२२४ =३२६८ वि.पू.मा यलम्बर राजा भएको देखिन आउँछ ।

प्रेमबहादुर माबोहाङ लिम्बू र भूपेन्द्रनाथ शर्मा ढुङ्गेलले लेखेको *संक्षिप्त नेपाल इतिहास* मूलतः वंशावलीहरूको आधारमा तयार गरिएको हो । त्यस पुस्तकमा यलम्बरको राज्यकालका विषयमा यस्तो लेखिएको छ-

यलम्बर हाङ किरात राजाले अहिर वंशी राज्य जिती कलियुग ४० वर्ष गत फाल्गुण महीनामा नेपाल राज्य हात पारी ...

(*संक्षिप्त नेपाल इतिहास दोस्रो संस्करण*को ४४ पृ.)

यसबाट ३०४४-४०= ३००४ वि.पू.मा यलम्बरको राज्यकालको प्रारम्भ भयो भन्ने मत यस वंशावलीको देखिन्छ ।

विक्रमजित् हसरतले हड्सनको सङ्ग्रहको वंशावलीको अङ्ग्रेजी अनुवाद प्रकाश गर्दा एकथरी वंशावलीले ई.पू. ३०९५ मा र प्रचलित वंशावलीले ई.पू. ३०९६ मा यलम्बर राजा भए भनी लेखेका छन्।[४] यताबाट हसरतले प्रयोग गरेको वंशावलीले वि.पू. ३०३८ वा ३०३९ मा यलम्बर राजा भए भनी मानेको देखिन्छ।

माथिका कुराबाट वंशावलीकारहरूको मतमा यलम्बर ३००४ वि.पू.मा, ३०३८ वि.पू.मा, ३०३९ वि.पू.मा, ३०५६ वि.पू.मा, ३१२४ वि.पू.मा, ३२६४ वि.पू.मा र ३२६८ वि.पू.मा राजा भएको देखिन आएको छ।

किरातकालको प्रामाणिक तात्कालिक सामग्री हामीसँग नभएकाले यो ठीक छैन भन्न नसकिए तापनि वंशावलीका विभिन्न संस्करणमा लेखिएका, लिच्छविकालका केही कुरा ठीक छैन भनेर भन्न सकिन्छ। उदाहरणका रूपमा अंशुवर्माको समयलाई लिन सकिन्छ। अंशुवर्मा राजा हुँदाको समय राइटको वंशावलीमा वि.पू.४४, *राजवंशावली*मा वि.सं. ११३ र *भाषावंशावली*मा वि.सं. ४८६ दिइएको छ।[५] लिच्छविकालका अभिलेख र अरू प्रमाणका आधारमा अंशुवर्माको समय विक्रमको सातौं शताब्दी भनेर निर्णय भइसकेको छ।[६] यस अवस्थामा वंशावलीहरूमा दिइएको यलम्बरको समय पनि अप्रामाणिक ठहरिन सक्छ।

लिच्छवि राजा मानदेवकै पुस्तेवारीलाई लिऔं। वृषदेवका छोरा शङ्करदेव, शङ्करदेवका छोरा धर्मदेव, धर्मदेवका छोरा मानदेव, मानदेवका छोरा महीदेव, महीदेवका छोरा वसन्तदेव हुन् भन्ने कुरा लिच्छविकालका अभिलेखहरूबाट बुझिन्छ।[७]

गोपालराजवंशावलीमा विश्वदेवका छोरा मानदेव हुन् र मानदेवपछि शङ्करदेव, शङ्करदेवपछि धर्मदेव, धर्मदेवपछि महीदेव, महीदेवपछि वसन्तदेव राजा भए भनी लेखिएको छ।[८] यसरी लिच्छविअभिलेखका वृषदेवको नाउँ *गोपालराजवंशावली*मा विश्वदेव हुन पुगेको छ र वृषदेवका पनाति मानदेव *गोपालराजवंशावली*मा वृषदेवका छोरा हुन पुगेका छन्।

---

४. *हिस्टरि अफ् नेपाल्*को ३४ पृ.

५. *पूर्णिमा* २४ पूर्णाङ्कको ३११ पृ.

६. *लिच्छविसंवत्को निर्णय*का ८-९ पृ.

७. *लिच्छविकालका अभिलेख*को ५४९ पृ.

८. *द गोपालराजवंशावली*का २८-२९ पृ.

मानदेवका बाजे शङ्करदेव *गोपालराजवंशावली*मा मानदेवका छोरा हुन पुगेका छन् भने बाबु धर्मदेव अपर्भ्रंट परलोक हुँदा म बिलखबन्दमा परैं भनी खुद मानदेवद्वारा लेखिएका धर्मदेव *गोपालराजवंशावली*मा मानदेवका नातिमा दरिएका छन्। यसै गरेर मानदेवका छोरा महीदेव *गोपालराजवंशावली*मा धर्मदेवका छोरा बन्न पुगेका छन् र उनी मानदेवका पनाति बन्न पुगेका छन्।

मानदेवको पुस्तेवारी तथा अंशुवर्माको समयको विषयमा वंशावलीमा लेखिएका कुरामा आनकोतान फरक हुन गए तापनि मानदेवहरूले यहाँ राज्य गरेका थिए र अंशुवर्मा भन्ने राजा यहाँ भएका थिए भन्ने कुरा वंशावलीकारहरूलाई थाहा थियो भन्ने पक्का छ। यसैले किरातकाल थियो भनी वंशावलीकारहरूले भनेको कुरा पनि प्रामाणिक नै ठहरिन आउँछ।

आधुनिक शोधकर्ताहरूले निर्धारण गरेको यलम्बरकाल

वंशावलीहरूमा लिच्छविकालभन्दा अगाडि किरातकालको केही बयान भएकाले इतिहासकारहरूले किरातकालको अस्तित्वलाई छाड्न सकेनन्, तर उनीहरूले वंशावलीमा दिइएको समयलाई नमानेर आआफ्ना ढङ्गले काल निर्धारण गर्न थाले ।

काशीप्रसाद जायसवालले आफ्नो *क्रोनल्अजि यान्ड् हिस्टरि अफ् नेपाल्* भन्ने पुस्तकमा किरातवंशको थालनी अशोकभन्दा तेह्र पुस्ताअगाडि भयो, त्यो करिब इ.पू. ६०० को घटना हो, यलम्ब पहिला किरात राजा हुन्, पन्ध्रौं किराती राजा स्थुंको अशोकका सामानकालिक हुन्, त्यसबाट हिसाब गरेर किरात राजाहरूको राज्यकाल निकालिएको हो भनी लेखेका छन् ।[1] यसबाट जायसवालको मतअनुसार पहिला किरात राजा यलम्बर वि.पू. ५४३ तिर राजा भएको देखिन आउँछ ।

बाबुराम आचार्यले इसवीयसंवत्को आरम्भ हुनुभन्दा ७०० वर्षजति पहिले किरातकालको आरम्भ भयो भनी लेखेका छन् ।[2] यतावाट वाबुराम आचार्यको मतमा यलम्बरको राज्यकालको प्रारम्भ वि.पू. ६४३ तिर देखिन आउँछ ।

बालचन्द्र शर्माले वंशावलीका विभिन्न संस्करणका आधारमा यलम्बरको काल निर्धारण गर्ने प्रयत्न गरेका छन् । किराती राजा जितेदस्ती गौतम बुद्धका सामानकालिक र स्थुंको अशोकका सामानकालिक भएकाले त्यसबाट विचार गरी प्रत्येक किराती राजाको राज्यकाल ४० वर्ष मान्दै जाने हो भने यलम्बरको राज्यकालको समय इ.पू. ८४० ठहर्छ भनी उनले लेखेका छन् । यताबाट बालचन्द्र शर्माको मतमा यलम्बरको काल वि.पू. ७८३ देखिन आउँछ ।[3]

---

१ *क्रोनल्अजि यान्ड् हिस्टरि अफ् नेपाल्*का १०५-१०६ पृ.

२ *प्राचीनकालको नेपाल*का ६१-६२ पृ.

३ *नेपालको ऐतिहासिक रूपरेखा*का ७२-७३ पृ.

दिलबहादुर क्षेत्रीले वि.पू. ११५३ तिर किरातहरूले काठमाडौं उपत्यकामाथि आक्रमण गरेको अनुमान हुन्छ र पहिला किराती राजा यलम्बर हुन् भनी लेखेका छन् ।[४] यसबाट वि.पू. ११५३ तिर यलम्बर राजा भएका हुन् भन्ने दिलबहादुरको मत देखिन्छ ।

केदारनाथ प्रधानले इ.पू. १२०० तिर किरातीहरूले काठमाडौं उपत्यकामा आक्रमण गरे, यसको नेतृत्व यलम्बरले गरे भनी लेखेका छन् ।[५] यताबाट केदारनाथको मतअनुसार वि.पू. ११४३ तिर यलम्बर राजा भएको देखिन आउँछ ।

खड्गविक्रम चामलिङ राईले प्रथम किराती राजा यलम्बरको राज्यकाल इ.पू. ५८० देखि इ.पू. ५६५ हो भनी लेखेका छन् ।[६] यताबाट खड्गविक्रमको मतमा यलम्बरको राज्यकाल वि.पू. ५२३ देखि वि.पू. ५०८ देखिन्छ ।

टङ्कबहादुर राईले यलम्बरको नेतृत्वमा करीब इ.पू. ७०० देखि किरातशासन चल्यो भनी लेखेका छन् ।[७] यताबाट टङ्कबहादुरको मतमा वि.पू. ६४३ तिर यलम्बरको शासनको प्रारम्भ भएको देखिन्छ ।

जगदीशचन्द्र रेग्मी, मञ्जुल याक्थुम्बा, दुर्गाहाङ याक्खा राई र प्रेमबहादुर वेघाले मालीगाउँमा पाइएको जयवर्माको वि.सं. २४२ को अभिलेखले किरातकालको अन्त्य र वर्माकालको प्रारम्भलाई जनाउँछ, त्यसको आधार र गोपालराजवंशावलीमा दिइएको किरात राजाहरूको राज्यकालका आधारमा यलम्बरको शासनको प्रारम्भ इ.पू. १८७९ मा भएको देखिन्छ भनी लेखेका छन् ।[८] यताबाट उनीहरूको मतमा वि.पू. १८२२ मा यलम्बरको राज्यकालको प्रारम्भ भएको देखिन्छ ।

काशीनाथ तमोटले जयवर्माको अभिलेखलाई आधार मानी एकजना राजालाई २० वर्ष राज्यभोग दिएर किरातकालका पहिला राजा एलंले

---

४ *प्राचीन तथा पूर्व-मध्यकालिक नेपाल*का १०८-१०९ पृ.

५ *नवीन दृष्टिमा नेपालको प्राचीन इतिहास*को १०५ पृ.

६ *किरात ऐतिहासिक घटनाक्रम*का यलम्बरको चित्र छापिएको, पृष्ठ १-२ पृ.

७ *किरात राईहरूबारे* ६१ पृ.

टङ्कबहादुर राईभन्दा केही समयअघि नै ईश्वरराज अर्यालले यो मत प्रकट गरेको कुरा टङ्कबहादुर राईले लेखेका छन् (राज्यको पुनःसंरचना, समावेशी प्रजातन्त्र र किरातहरूको प्रजातान्त्रिक अधिकारको ६२ पृ.)

८ *किरात येले संवत् अभिलेख*को २२८ पृ.

अन्दाजि इ.पू. ६२० देखि ६०० सम्म राज्य गरे भनी लेखेका छन्।[९] त्यताबाट काशीनाथको मतमा यलम्बरको राज्यकाल वि.पू. ५६३ देखि ५४३ सम्म देखिन्छ।

यसरी आधुनिक शोधकर्ताहरूको मतमा यलम्बरको राज्यकाल वि.पू. छैटौंदेखि आठौंसम्म तथा वि.पू. बाह्रौं र उन्नाइसौं शताब्दीमा शुरू भएको देखिन्छ र यसमा पनि एकमत छैन भन्ने स्पष्ट हुन्छ।

---

९ न्हू *हिसु* ६ वर्ष ६ अङ्कका ३७-३८ पृ.

उपसंहार

अभिलेखहरूका आधारमा प्रामाणिक ठहरिएको लिच्छविकालभन्दा अघि किरातकाल थियो भन्ने कुरामा शङ्का गर्ने ठाउँ रहँदैन। किरातकाल लगत्तैपछिको लिच्छविकालका अभिलेखबाट किरातकाल भएको कुरा प्रामाणिक रूपमा बुझिन्छ। त्यसैगरी *हिमवत्खण्ड, पशुपतिपुराण*बाट पनि किरातीलाई जितेर लिच्छविले शासन गरे भन्ने बुझिन्छ र यसबाट किरातकालको अस्तित्व प्रामाणिक ठहर्छ। लिच्छविकालका अभिलेखमा अड्डा, नदी, खोला, पोखरी, डाँडा, वन, गाउँवस्ती, किल्ला, सोतो, कर आदि बुझाउने केही संस्कृतेतर शब्द पाइएका छन्। लिच्छविकालभन्दा अगाडि किरातकाल भएकोले र शासनसम्बन्धी शब्दहरू तिनमा परेकोले यसबाट पनि किरातकालको प्रामाणिकतालाई बल मिल्छ।

अहिलेभन्दा करीव सबा छ सय वर्षअघि स्थितिराज मल्लको पालामा तयार भएको *गोपालराजवंशावली*मा किरात राजाहरूको नाम र राज्यवर्ष छ, तर कुन समयदेखि ती राजाहरूको राज्यकाल शुरू भयो भनी नलेखिएकोले कालनिर्धारणमा त्यसबाट खास मदत मिल्दैन भन्ने स्पष्ट हुन्छ। अहिलेभन्दा करीब दुइ सय वर्षअघि नेपाली भाषामा तयार भएका *भाषावंशावली*का विभिन्न संस्करणबाट विचार गर्दा यलम्बर ३००४ वि.पू.मा, ३०३८ वि.पू.मा, ३०३९ वि.पू.मा, ३०५६ वि.पू.मा, ३१२४ वि.पू.मा, ३२६४ वि.पू.मा र ३२६८ वि.पू.मा राजा भएको देखिन आएको छ। अहिले वि.सं. २०६९ चलिरहेको छ। यसबाट अहिलेभन्दा पाँच हजार वर्षभन्दा पनि अगाडि यलम्बर थिए भन्ने देखिन्छ। शाहकालमा बनेका वंशावलीहरूको आधारमा निर्णय गरिएको यो काल अप्रामाणिक पनि हुन सक्छ, तर माथि भनिएजस्तै तात्कालिक प्रामाणिक कुरा बाहिर नआएसम्म तिनलाई हामी छोड्न सक्दैनौं भन्ने कुरा पनि त्यत्तिकै स्पष्ट छ।

विभिन्न विशेषज्ञहरूले किरातहरूको शासन शुरू भएको वर्ष बेग्लाबेग्लै दिएका छन्, कसैले इ.पू. १७३९, कसैले इ.पू. ९००, कसैले इ.पू. सातौं शताब्दी र कसैले इ.पू. छैटौं शताब्दी दिएका छन्, यीमध्ये कुनै पनि वर्ष साँचो छैनन्, महाभारतयुद्धमा एकजना किरात राजाले भाग लिएको प्रमाणद्वारा नेपालउपत्यकामा किरातशासन त्यसभन्दा पहिले नै स्थापित भइसकेको कुरा प्रमाणित भइसकेको छ, अन्तिम विश्लेषण गर्दा कलियुग प्रारम्भ भएको इ.पू. ३१०२ नै किरातशासनको पहिलो वर्ष हो भनी जी.पी. सिंहले लेखेका छन् ।[1] यताबाट नेपालउपत्यकामा किरात राजाहरूले वि.पू. १६८२, वि.पू. ८४३, वि.पू. छैटौं तथा सातौं शताब्दीमा राज्य शुरू गरेको नभई महाभारतयुद्धमा किरात राजाले भाग लिएको प्रमाणबाट वि.पू. ३०४५ मा नै किरातशासनको प्रारम्भ भयो भन्ने जी. पी. सिंहको मत देखिन्छ। यसरी पहिला किरात राजा यलम्बरको राज्यकालको प्रारम्भवर्ष भनी जी.पी. सिंहले भनेको कुरा हाम्रा प्रचलित वंशावलीहरूको नगीचमा छ भन्ने स्पष्ट हुन्छ ।

यलम्बरको राज्यकालका विभिन्न मिति आधुनिक इतिहासकारहरूले दिएका छन् भन्ने कुरा माथिको विचारबाट बुझिन्छ। यसो भए तापनि त्यो कुन आधारमा दिइएको भन्नेचाहिँ त्यति स्पष्ट छैन । यही अवस्थामा एउटा नयाँ विचार आएको छ। त्यसबारेमा केही चर्चा तल गरिन्छ ।

काठमाडौं मालिगाउँको वि.सं. २४२ को जयवर्माको अभिलेख पाइएपछि त्यो वर्ष किरातकाल सिद्धिएको र त्यसपछि लिच्छवि शासन शुरू भयो, त्यसैबाट गणना गरेर यलम्बरको राज्यकाल निकाल्नुपर्छ भनी केही इतिहासविद्ले लेखेका छन् । यहाँनिर एउटा प्रश्न उठ्छ । वि.सं. १९३७ मा भगवानलाल इन्द्रजीले लिच्छविकालका १५ वटा अभिलेख छाप्दा त्यसमा सबभन्दा पुरानो वि.सं. ५२२ को चाँगुनारायणको मानदेवको स्तम्भलेख थियो । लिच्छविकालका अभिलेखको खोजी बढ्दै जाँदा करिब २०० वटा अभिलेख प्रकाशमा आए, तर लिच्छविकालका अभिलेख प्रकाश हुन थालेको झण्डै सय वर्ष बित्दा पनि मानदेवको चाँगुनारायणको स्तम्भलेख नै पुरानो रहिरह्यो । पछि क्रमशः चाँगुनारायणको त्यस अभिलेखभन्दा पुराना लिच्छविकालका अभिलेख पनि प्रकाशमा आए र त्यसैक्रममा जयवर्माको वि.सं. २४२ को अभिलेख पनि पाइयो । यसभन्दा अघिको लिच्छविकालका अरू अभिलेख पाइँदैनन् भन्ने के आधार छ र जयवर्माको अभिलेखबाट किरातकालको समाप्ति र लिच्छविकालको प्रारम्भ भयो भनी कसरी

१. *प्राचीन भारतमा किराँतहरूका* ३१६-३१७ पृ.

बुझिन्छ ? यस अवस्थामा जयवर्माको अभिलेखको आधारमा किरातकालको निर्धारण गर्ने जुन प्रयत्न भएको छ, त्यो प्रामाणिक छैन भन्ने स्पष्ट हुन्छ ।

हाम्रा वंशावलीकारहरूले किरात राजाहरूलाई महाभारतकालसँग जोडेका छन् ।[२] महाभारतकाल अहिलेभन्दा पाँच हजार वर्षअघिको हो भनी प्रामाणिक विद्वान्हरूले मानेका छन् ।[३] श्रीमद्भागवतमा भगवान् श्रीकृष्णको समयमा लागेको सूर्यग्रहणको बयान गरिएको छ ।[४] त्यो सूर्यग्रहण द्वापरयुगको ८ वर्ष बाँकी हुँदा अर्थात् कलि लाग्नुभन्दा ८ वर्षअगाडि वि.पू. ३०५२ मा लागेको हो भनी गणेश दैवज्ञले लेखेका छन् ।[५]

जबसम्म किरातकाल वा किरातकालका नजिकका किरातकालसँग सम्बद्ध सामग्री पाइँदैनन्, तबसम्म पछिल्ला कालमा रचना भएका वंशावली हामी छाड्न सक्दैनौं । अहिलेसम्मका खोजीका आधारमा यलम्बर ५ हजार वर्षभन्दा पुराना हुन् भन्ने मान्नैपर्छ ।

माथिका कुराबाट वंशावलीहरूमा लेखिएका कुरा पूर्णतया प्रामाणिक मान्न सकिँदैनन् तापनि वंशावलीमा लेखिएका सबै कुरा अशुद्ध छैनन् भन्ने देखिन्छ । यस्तो अवस्थामा हामीले हाम्रो इतिहास तयार गर्ने सिलसिलामा वंशावली छाड्दा त्यो अपूरो हुन्छ र हामी सत्यतथ्यमा पुग्न सक्दैनौं भन्ने स्पष्ट हुन्छ । यसैले तात्कालिक प्रमाण पाइएको ठाउँमा वंशावलीमा लेखिएका कुराको खण्डनमण्डन गर्नुपर्छ र तात्कालिक प्रमाण नपाइएका ठाउँमा वंशावलीका बयानलाई हामीले यथावत् राख्नुपर्छ ।

माथि विचार गरिएका कुराबाट नेपालको पहिलो प्रामाणिककाल ठहरिएको लिच्छविकालभन्दा अघि किरातकाल थियो भन्ने स्पष्ट हुन्छ । यसैले हामीले हाम्रो इतिहासको उठान कमसेकम किरातकालदेखि अवश्यै गर्नुपर्छ । हाम्रो देश नेपालमा इतिहासको क्षेत्रमा जति गम्भीरतापूर्वक अध्ययन अनुसन्धान हुनुपर्ने हो, त्यति नभएकाले चाहे त्यो लिच्छविकाल होस्, चाहे त्यो मध्यकाल होस् अथवा शाहकाल नै होस्, हाम्रा धेरै कुरा बाहिर प्रामाणिक रूपमा आउन सकेका छैनन् । यस अवस्थामा

---

२. *हिस्टरि अफ् नेपाल्*को १०९ पृ.
*भाषावंशावली*का ४५-५१ पृ.
*संक्षिप्त वंशावली*को १५ पृ.

३. *प्राचीन भारत का इतिहास*को ५४ पृ.

४. *श्रीमद्भागवत* दशमस्कन्ध ८२ अध्याय

५. *पूर्णिमा* १८ पूर्णाङ्कका १६२-१६३ पृ.

किरातकालको कुरा त परै भयो। यसका लागि हामी सबैले परिश्रमपूर्वक आफ्नो अध्ययनअनुसन्धानलाई बढाउँदै जानुपर्ने खाँचो यलम्बरको प्रसङ्गबाट अझ टड्कारो भएको छ।

यो पुस्तक तयार गर्दा उपयोग गरिएका पुस्तक र निबन्ध

अम्बिकाप्रसाद उपाध्याय — *नेपालको इतिहास र रामनगरको इतिहास,* दोस्रो संस्करण, देवीप्रसाद उपाध्याय चम्पारन, वि.सं. १९८६

इमानसिंह चेम्जोङ — *किरात इतिहास,* पाँचौं संस्करण, किरात याक्थुङ चुम्लुङ ललितपुर, वि.सं. २०५९

इमानसिंह चेम्जोङ — *हिस्टरि एन्ड् कल्चर् अफ् किरात् पिपल् (किरात जनताको इतिहास र संस्कृति),* चौथो संस्करण, किरात याक्थुङ चुम्लुङ, वि.सं. २०६०

ईश्वरराज अर्याल — *नयाँ नेपालको इतिहास,* रत्नपुस्तकभण्डार काठमाडौं, वि.सं. २०४३

ओमप्रसाद सुवेदी — *लैकुपश्चिमका लोकसंस्कृति तथा किरात सभ्यता,* परिजन सुवेदी खोटाङ, वि.सं. २०६५

कमलप्रकाश मल्ल — *नेपाःगाःया भाषाविज्ञान कथं पुरातत्त्व विवेचना (नेपालखाल्डोको भाषाविज्ञान र पुरातत्त्वविवेचना), नेपालभाषा* पत्रिका ८ अङ्कका २९-३४ पृ., वि.सं. २०३१

कमलप्रकाश मल्ल — *द लिङ्ग्विस्टिक् आर्कियोलोजि अफ् द नेपाल् भ्याल्इ : ए प्रिलिमिनरी रिपोर्ट् (नेपालखाल्डोको भाषिक सर्भेक्षणको प्रारम्भिक प्रतिवेदन), कैलाश* ८ वर्ष १-२ अङ्कका ५-२३ पृ., रत्नपुस्तकभण्डार, वि.सं. २०३८

कमलप्रकाश मल्ल — *नेपाल वंशावली : ए कम्प्लिट् भर्सन् अफ् द कैसर् वंशावली (नेपालवंशावली: केसरवंशावलीको पूर्णपाठ), कन्ट्रिब्युसन्ज् टु नेप्लिज् स्टडिज् (नेपालअध्ययनमा योगदान)* १२ वर्ष २ अङ्कका ७५-१०१ पृ., त्रिभुवनविंश्वविद्यालय नेपाल र एसियाली अनुसन्धानकेन्द्र काठमाडौं, वि.सं. २०४२

काशीनाथ तमोट — *लिच्छवि अभिलेखया संस्कृत मखुगुखँग्वःया ल्याःचाः (लिच्छवि अभिलेखको संस्कृतइतर शब्दको सूची),* खेलुइताः (लामोबत्ती) २ अङ्कका १३१-१३६ पृ., खेलुइताः पिकाक गुठी ललितपुर, वि.सं. २०५७

काशीनाथ तमोट — *नेपालमण्डलया जुजुपिनि भोगवर्ष (नेपालमण्डलका राजाहरूको भोगवर्ष), न्हू हिसु (नयाँ परिवर्तन)* ६ वर्ष ६ अङ्कका ३७-४५ पृ.), न्हू हिसु पुचः ललितपुर, वि.सं. २०६८

काशीप्रसाद जयसवाल — *क्रोनल्अजि यान्ड् हिस्टरि अफ् नेपाल् फ्रम् ६०० बी.सी. टु ८८० ए.डी. (वि.सं. ५४२ देखि वि.सं. ९३७ सम्मको नेपालको कालनिर्णय र इतिहास),* एम.एन. बर्मन यान्ड कं. पटना , वि.सं. १९९४

कुलचन्द्र कोइराला	*नेपालका आराध्यदेव भगवान् श्रीपशुपतिनाथ,* नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान काठमाडौँ, वि.सं. २०५१
केदारनाथ प्रधान	*नवीन दृष्टिमा नेपालको प्राचीन इतिहास,* पसिनाप्रकाशन काठमाडौँ, वि.सं. २०५४
खड्गविक्रम राई	*किरात ऐतिहासिक घटनाक्रम,* मेनुका लिम्बू ललितपुर, वि.सं. २०५७
खड्गविक्रम चाम्लिङ राई	*किरात ऐतिहासिक घटनाक्रम,* दोस्रो संस्करण, मेनुका लिम्बू, वि.सं. २०५९
गणेश अधिकारी	*किरातको प्राचीन इतिहासको प्रमाण, गोरखापत्र* १११ वर्ष १५६ अङ्कको ७ पृ., गोरखापत्रसंस्थान काठमाडौँ, वि.सं. २०६८ असोज २६ गते
गेरार्ड टोफ्फिन	*नेवार् सोसाइटी सिटी, भिलेज् एन्ड् पेरिफेरि (नेवार समाज शहर, गाउँ र सेरोफेरो)* सोसल साइन्स बहाः ललितपुर, वि.सं. २०६४
चन्द्रकुमार शेर्मा	*किरात येले संवत्को पात्रोसम्बन्धी अवधारणापत्र, किरात येले संवत् अभिलेखका* ५६-६० पृ.
चूडामणि बन्धु (प्रधानसम्पादक)	*नेपाली बाल-विश्वकोश,* नेपाल बाल-साहित्य समाज काठमाडौँ, वि.सं. २०६०

चैतन्य सुब्बा — *किरात अवधारणाको विकास र विस्तारमा इमानसिंह चेम्जोङ, इमानसिंह चेम्जोङ व्यक्तित्व र कृतित्व इमानसिंह चेम्जोङ शतवार्षिकी समारोह स्मारिकाका* ३७-४३ पृ., *किरात* याक्थुङ चुम्लुङ ललितपुर, वि.सं. २०६१

जगदीशचन्द्र रेग्मी — *प्राचीन नेपाली संस्कृति (संक्षिप्त)*, साझा-प्रकाशन काठमाडौं, वि.सं. २०४०

जगदीशचन्द्र रेग्मी — *येले सम्बत् र किरात सभ्यता, नवसमन्वय* १ वर्ष ४ अङ्कका १०-१३ पृ., स्मीता राई काठमाडौं, वि.सं. २०६५

जगदीशचन्द्र रेग्मी — *नाममा एकरूपता र संवैधानिक मान्यताका केही उपायहरू, नवसमन्वय* २ वर्ष १ अङ्कका ८-१३ पृ., वि.सं. २०६६

जगदीशचन्द्र रेग्मी — *प्राचीन नेपालको संक्षिप्त किरात इतिहास,* मुन्धुम पब्लिकेशन प्रा.लि. काठमाडौं, वि.सं. २०६६

जगदीशचन्द्र रेग्मी — *नेपाली किरात जातिको गौरवपूर्ण इतिहासको परिप्रेक्ष्यमा किरात येले संवत्को प्रचलन तथा संवैधानिक मान्यताको उपक्रम, किरात येले संवत् अभिलेखका* १०-१७ पृ.

जय सिवाहाङ — *किरात मुन्धुमभित्रको विज्ञान (बौद्धिक तथा व्यावहारिक ज्ञान)*, बान्तवा अनुसन्धान प्रतिष्ठान भोजपुर, वि.सं. २०६८

जाँचबुझकेन्द्र राजदरबार *मेचीदेखि महाकाली* (१ भाग), श्री ५ को सरकार सञ्चारमन्त्रालय सूचनाविभाग काठमाडौँ, वि.सं. २०३१

जुनु वासुकला रञ्जितकार *२३ सय वर्ष पुरानो ऐतिहासिक चारुमती स्तूप (विश्लेषणात्मक अध्ययन),* चारुमती बुद्धिष्ट मिशन नेपाल काठमाडौँ, वि.सं. २०६८

जे. आर. सुब्बा (पान्धक) *द लिम्बुज् अफ् द इस्टर्न् हिमालयाज् विथ् स्पेसियल् रेफ्रेन्स् टु सिक्किम्(पूर्वी हिमालयका लिम्बूहरू : सिक्किमको विशेष सन्दर्भसहित),* सिक्किम याक्थुङ मुन्धुम साप्लोपा गान्तोक, वि.सं. २०५६

ज्ञानमणि नेपाल *नेपालनिरुक्त,* नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि.सं. २०४०

ज्ञानमणि नेपाल *नेपालनिरूपण,* नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि.सं. २०५५

ज्ञानमणि नेपाल *प्राचीनकालको भाषा, नवयुवा* १६९ पूर्णाङ्कका ६-७ पृ., मूल्याङ्कनप्रकाशनगृह काठमाडौँ, वि.सं. २०६९

टङ्कबहादुर राई *किरातभूमि र किरात जनजीवन,* उत्तरकुमार चाम्लिङ राई ललितपुर, वि.सं. २०५३

टङ्कबहादुर राई *किरातहरूको आत्मनिर्णयको अधिकार,* शान्ति राई काठमाडौँ, वि.सं. २०६२

टङ्कबहादुर राई — *राज्यको पुनःसंरचना, समावेशी प्रजातन्त्र र किरातहरूको प्रजातान्त्रिक अधिकार,* उत्तरकुमार चाम्लिङ राई, वि.सं. २०६२

टङ्कबहादुर राई — *किरात राईहरूबारे,* किरात राष्ट्रिय युवा समाज काठमाडौँ, वि.सं. २०६७

टी.बी. राई (अनुवादक) — *प्राचीन भारतमा किराँतहरू : किराँतहरूको जीवन, संस्कृति र सभ्यतासम्बन्धी ऐतिहासिक अध्ययन,* निर्माणप्रकाशन नाम्ची

ड्यान्यल राइट — हिस्टरि अफ् नेपाल्, ट्रान्स्लेट्इड् फ्रम् द पर्बतिया बाइ मुन्शी श्यू शङ्कर् सिङ्घ् यान्ड् पन्डिट् श्री गुणानन्द विथ् यान् इन्ट्रडक्टरि स्केच् अफ् द कन्ट्रि यान्ड् पीप्ल् अफ् नेपाल्, बाइ दि एड्इटर् (नेपालको इतिहास - मुन्शी शिवशङ्करसिंह र पण्डित गुणानन्दले पर्वतेबाट उल्था गरेको, सम्पादकले लेखेको, नेपालको मुलुक र दुनियाँको चिनारी गराउने बयानसहित), केम्ब्रिज युनिभर्सिटि प्रेस केम्ब्रिज, वि.सं. १९३३

डिल्लीरमण रेग्मी — *एन्शियन्ट् नेपाल् (प्राचीन नेपाल),* फर्मा के.एल. मुखोपाध्याय कलकत्ता, वि.सं. २०१७

डिल्लीरमण रेग्मी — *एन्शियन्ट् नेपाल्,* तेस्रो संस्करण, फर्मा के. एल. मुखोपाध्याय, वि.सं. २०२६

डिल्लीराज उप्रेती (अनुवादक) — *नेपाल : हिन्दू अधिराज्यको इतिहास* (पहिलो खण्ड), हिमाल एसोसिएसन ललितपुर, वि.सं. २०६२

डिल्लीराज उप्रेती (अनुवादक) *नेपाल : हिन्दू अधिराज्यको इतिहास* (दोस्रो खण्ड), हिमाल किताब प्रा.लि. काठमाडौँ, वि.सं. २०६८

ढुण्डिराज भण्डारी *नेपालको ऐतिहासिक विवेचना,* कृष्णकुमारी वाराणसी, वि.सं. २०१५

ढुण्डिराज भण्डारी *नेपालको आलोचनात्मक इतिहास,* प्रकाश-प्रकाशन काठमाडौँ, वि.सं. २०२७

तुलसीराम वैद्य *नेपालको प्राचीन तथा मध्यकालीन इतिहास,* नेपालको इतिहासका पाँच स्वर्णिम पृष्ठका १०-६० पृ., नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि.सं. २०३९

तोत्रराज पाण्डेय, नयराज पन्त *नेपालको संक्षिप्त इतिहास,* तोत्रराज पाण्डेय काशी, वि.सं. २००४

तोत्रराज पाण्डेय, नयराज पन्त *नेपालको संक्षिप्त इतिहास,* दोस्रो संस्करण, *खिलशर्म-राजीवलोचनजोशीस्मारकप्रतिष्ठान* काठमाडौँ, वि.सं. २०६०

दिनेशराज पन्त *गोरखाको इतिहास* (पहिलो भाग), दिनेशराज पन्त काठमाडौँ, वि.सं. २०४१

दिनेशराज पन्त *गोरखाको इतिहास* (चौथो भाग), दिनेशराज पन्त, वि.सं. २०५०

दिनेशराज पन्त *किरात इतिहासकारको रूपमा इमानसिंह चेम्जोङ, इमानसिंह चेम्जोङ व्यक्तित्व र कृतित्व इमानसिंह चेम्जोङ शतवार्षिकी समारोह स्मारिकाका* २३-२७ पृ.

दिनेशराज पन्त — *संक्षिप्त वंशावली, खिलशर्म-राजीवलोचन-जोशीस्मारकप्रतिष्ठान,* वि.सं. २०६५

दिनेशराज पन्त — *किरात प्रथम राजा यलम्बरको राज्यकालको विषयमा वंशावलीहरूको विचार,* किरात येले संवत् अभिलेखका २८-३२ पृ.

दिनेशराज पन्त — *किरातकालको अस्तित्व, चाम्लिङ* ९ वर्ष १ अङ्कका ११-१५ पृ., किरात राई चाम्लिङ खाबातिम काठमाडौं, वि.सं. २०६९

दिलबहादुर क्षेत्री — *प्राचीन तथा पूर्व-मध्यकालिक नेपाल,* निरन्तरप्रकाशन काठमाडौं, वि.सं. २०६२

दिवाकर आचार्य — *लिच्छवि राजा मानदेवको पालाको विमल संघको अभिलेख, राष्ट्रिय वाणिज्य बैंक पूर्व-कर्मचारी सङ्घको वार्षिक स्मारिकाका* ८-११ पृ., राष्ट्रिय वाणिज्य बैंक पूर्व कर्मचारी सङ्घ काठमाडौं, वि.सं. २०६०

दुर्गाहाङ याक्खाराई — *किरात याक्खाको इतिहास : एक छलफल,* दुर्गाहाङ याक्खाराई, वि.सं. २०५९

देवीप्रसाद भण्डारी (सम्पादक) — *ऐ.शि. बाबुराम आचार्यले रचना गर्नुभएको नेपालको संक्षिप्त इतिहास, पूर्णिमा* ३२ पूर्णाङ्कका २०२-२०६ पृ., संशोधन-मण्डल काठमाडौं, वि.सं. २०३१

धनवज्र वज्राचार्य — *लिच्छविकालको इतिहासमा किरातकालको प्रभाव, पूर्णिमा* १७ पूर्णाङ्कका १-८ पृ., वि.सं. २०२५

धनवज्र वज्राचार्य — *लिच्छविकालका अभिलेख*, त्रिभुवनविश्वविद्यालय नेपाल र एशियाली अध्ययनसंस्थान, वि.सं. २०३०

धनवज्र वज्राचार्य — *मध्यकालका शुरूका केही अभिलेख, कन्ट्रिब्युसन्ज् टु नेप्लिज् स्टडिज्* ५ वर्ष १ अङ्कका ९३-१२९ पृ., वि.सं. २०३४

धनवज्र वज्राचार्य — *गोपालराजवंशावलीको ऐतिहासिक विवेचना*, त्रिभुवनविश्वविद्यालय नेपाल र एशियाली अनुसन्धानकेन्द्र, वि.सं. २०६४

धनवज्र वज्राचार्य, कमलप्रकाश मल्ल — *द गोपालराजवंशावली, ए फ्याक्सिमइलि एडिशन् प्रिपेर्ड् बाइ द नेपाल् रिसर्च् सेन्टर् इन् कल्याब्अरेशन् विथ् द न्याश्अनल् आर्काइभ्ज् काठ्मान्डू। विथ् यान् इन्ट्रडक्शन्, ए ट्रान्स्क्रिप्शन् नेपाली यान्ड् इङ्ग्लिस् ट्रान्श्लेशन्ज्, ए ग्लस्अरि यान्ड् इन्डाइसइज्* (नेपाल रिसर्च सेन्टरद्वारा काठमाडौँको राष्ट्रिय अभिलेखालयसँग मिलेर तयार गरिएको, गोपालराजवंशावलीको प्रतिरूप संस्करण। उपोद्घात, प्रतिलिपि, नेपाली र अङ्ग्रेजी उल्था, शब्दार्थसूची र परिशिष्टहरूसहित), फ्रन्स स्टाइनर फेर्लाग वीस्बादेन, वि.सं. २०४२

धनवज्र वज्राचार्य,
रामजी तेवारी,
देवीप्रसाद भण्डारी,
भोलानाथ पौडेल,
शङ्करमान राजवंशी,
गौतमवज्र वज्राचार्य,
महेशराज पन्त,
नयनाथ पौडेल — *इतिहास-संशोधनको प्रमाणप्रमेय,* जगदम्बा-प्रकाशन ललितपुर, वि.सं. २०१९

नयनाथ पौडेल (सम्पादक) — *भाषा वंशावली,* श्री ५ को सरकार पुरातत्त्वविभाग नेपाल राष्ट्रिय पुस्तकालय ललितपुर, वि.सं. २०२०

नयराज पन्त — *ऐतिहासिकशिरोमणि श्रीबाबुराम आचार्यज्यूसँग प्रार्थना, पूर्णिमा* १५ पूर्णाङ्कका २१७-३२८ पृ., वि.सं. २०२४

नयराज पन्त — *सूर्यग्रहण, पूर्णिमा* १८ पूर्णाङ्कका १५०-१६७ पृ., वि.सं. २०२५

नयराज पन्त — *साँचो कुरा पत्ता लाग्नासाथ म आफ्नो भूल स्वीकार गर्न सधैं तयार छु, पूर्णिमा* २४ पूर्णाङ्कका ३०३-३१२ पृ., वि.सं. २०२७

नयराज पन्त
(सहायक- देवीप्रसाद भण्डारी
र केशवचन्द्र न्यौपाने) — लिच्छविसंवत्को निर्णय, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि.सं. २०४३

नरहरिनाथ (सम्पादक) — *श्रीमत्पशुपतिपुराणम् पूर्वार्धम् (श्रीपशुपतिपुराण पूर्वार्ध),* भीमप्रसाद उपाध्याय काठमाडौं, वि.सं. २०११

नरहरिनाथ,
लोकराज सत्याल,
चन्द्रनाथ योगी,
लक्ष्मीनारायण चौडिलागाईं — *हिमवत्खण्ड : हिमालयको पौराणिक इतिहास*, योगप्रचारिणी काशी, वि.सं. २०१३

नारायणलाल अवाले — *त्वा: म्हसिका भिन्द्योलाछि (भिन्द्योलाछि-टोलको परिचय), धिमय् पौ (धिमय् पत्रिका)* ५० पूर्णाङ्कका ३३-३७ पृ., ज्यापु समाज ललितपुर, वि.सं. २०६८

नेत्रबहादुर थापा — *अ शर्ट् हिस्टरि अफ् नेपाल् (नेपालको संक्षिप्त इतिहास)*, रत्नपुस्तकभण्डार, वि.सं. २०४७

नेपाल कुश्शा — *किराती लाजे लिम्बुवान सामान्य ज्ञान*, किरायत याक्थुङ चुम्लुङ हङकङ, वि.सं. २०६०

पदम श्रेष्ठ — *नेवार*, स्यस्यः समाज काठमाडौँ, वि.सं. २०६२

परशुराम तामाङ — *पृथ्वीनारायण शाहपूर्व जाति र जातीय स्वायत्त राज्य, नवसमन्वय* १ वर्ष २ अङ्कका ३२-३६पृ., वि.सं. २०६५

पर्सिभल ल्यान्डन — *नेपाल्*, पुनर्मुद्रित, रत्नपुस्तकभण्डार, वि.सं. २०३३

पुरातत्त्वविभाग (सम्पादक) — *नेपालको इतिहास राजभोगमाला, प्राचीन नेपाल* ७ सङ्ख्याका १-२४ पृ., ८ सङ्ख्याका १-२४ पृ., ९ सङ्ख्याका १-२४ पृ., १० सङ्ख्याका १-२४ पृ., ११ सङ्ख्याका १-१७ पृ., वि.सं. २०२६-२०२७

पुरातत्त्वविभाग (सम्पादक) *नेपाल देशको इतिहास सङ्ग्रह, प्राचीन नेपाल* १२ सङ्ख्याका १-२७ पृ., १३ सङ्ख्याका १-२४ पृ., १४ सङ्ख्याका १-२४ पृ., १६ सङ्ख्याका १-२४ पृ., १७ सङ्ख्याका १-११ पृ., १८ सङ्ख्याका १-२४ पृ., १९ सङ्ख्याका १-२३ पृ., २० सङ्ख्याका १-२४ पृ., २१ सङ्ख्याका १-२८ पृ., २२ सङ्ख्याका १-२० पृ., २३ सङ्ख्याका १-१० पृ., २४ सङ्ख्याका १-२३ पृ., २५ सङ्ख्याका १-२० पृ., २६ सङ्ख्याका १-१४ पृ., २७ सङ्ख्याका १-३२ पृ., वि.सं. २०२७-२०३१

पुष्पराज चालिसे *नेपालको पुरानो इतिहास र सभ्यता,* रत्नपुस्तकभण्डार, वि.सं. २०४८

प्रणय पासा *नयपाल (इतिहासविरुद्धको इतिहास),* पासा प्रकाशन काठमाडौँ, वि.सं. २०६५

प्रपन्नाचार्य *किरातहरू मङ्गोलियाबाट आएका शरणार्थी होइनन्,* वि.सं. २०४७

प्रपन्नाचार्य *प्राचीन किरात-इतिहास,* किरातेश्वर-प्रकाशन वाराणसी, वि.सं. २०५१

प्रवीण पुमा *हेन्खामा-निनाम्मा (किराती मुन्दुमी मिथकसङ्ग्रह),* दोस्रो संस्करण, सुम्निमा थिएटर एकडेमी खोटाङ, वि.सं. २०६८

प्रेमबहादुर माबोहाङ लिम्बू, भूपेन्द्रनाथ शर्मा ढुङ्गेल *संक्षिप्त नेपाल इतिहास,* दोस्रो संस्करण, किरात प्रकाशन तथा अभिलेख केन्द्र ललितपुर, वि.सं. २०४७

फ्रान्सिस बुचनान ह्यामिल्टन — *यान् अकाउन्ट् अफ् द किङ्डम् अफ् नेपाल् यान्ड् अफ् द टेर्इटर्इज् अनेक्स्ड् टु दिस् डोमिन्यन् बाइ द हाउस् अफ् गोर्खा (नेपाल अधिराज्यको र गोरखाली राजवंशले यस राज्यमा गाभेका प्रदेशहरूको वर्णन)*, अर्किबोल्ड कन्स्टेब्ल यान्ड कम्पनी एडिनबर्ग, वि.सं. १८७६

बमबहादुर राई — *किरात इतिहास*, गङ्गा राई र मनीकुमार राई ललितपुर, वि.सं. २०५५

बमबहादुर राई — *पौराणिक किराँत इतिहास*, गङ्गा राई खोटाङ, वि.सं. २०५८

बलदेव जुजु — *वंघःत्वाःया आजुद्यः व येँदेय् (इन्द्रचोकको आजुदेवता र काठमाडौँ)*, इन्द्र-जवाहर सहयोग गुथि काठमाडौँ, वि.सं. २०६७

बलदेवप्रासाद मिश्र — *नैपाल का इतिहास (नेपालको इतिहास)*, गङ्गाविष्णु श्रीकृष्णदास बम्बई, वि.सं. १९८६

बलिराज खम्बू, गणेश राई, अमर तुम्याहाङ, शङ्कर साम्पाङ राई (सम्पादक) — *किरात येले संवत् अभिलेख*, किरात येले संवत् अध्ययन समन्वय समिति काठमाडौँ, वि.सं. २०६७

बाबुराम आचार्य — *नेपालको सङ्क्षिप्त वृत्तान्त*, प्रमोदशम्शेर र नीरविक्रम प्यासी काठमाडौँ, वि.सं. २०२२

बाबुराम आचार्य — *प्राचीनकालको नेपाल*, श्रीकृष्ण आचार्य काठमाडौँ, वि.सं. २०६०

बाबुराम आचार्य — *नेपालको सङ्क्षिप्त वृत्तान्त (दोस्रो परिष्कृत एवं परिवर्द्धित संस्करण)*, श्रीकृष्ण आचार्य, वि.सं. २०६३

बालचन्द्र शर्मा — *नेपालको ऐतिहासिक रूपरेखा*, दोस्रो संस्करण, कृष्णकुमारी देवी वाराणसी, वि.सं. २०२२

बालचन्द्र शर्मा (सम्पादक) — *काठमाडौँ उपत्यकाको एक राजवंशावली, प्राचीन नेपाल* ४ सङ्ख्याका ३-१५ पृ., ५ सङ्ख्याका १-१७ पृ., ६ सङ्ख्याका १-२९ पृ., वि.सं. २०२५

बी.बी. रोक्दुङ — *किरात येले संवत्‌को सन्दर्भ र सिक्किम*, किरात येले संवत् अभिलेखका ४०-४२ पृ.

बी.एल. खाम्धाक — *द किरातज्: अ स्टड्इ अफ् यलम्बर् इयर् एन्ड् प्रोब्लेम्स् इन् इट्स् युज् (किरातहरू : यलम्बरसंवत् र यसको प्रयोगमा आउने समस्याहरूको अध्ययन)*, किरात येले संवत् अभिलेखका ४८-५२ पृ.

भगवानलाल इन्द्रजी, गेओर्ग ब्यूलर — *इन्स्क्रिप्शन्ज् फ्रम् नेपाल् (नेपालका अभिलेख), दि इन्डियन् यान्टिक्वारि (भारतीय प्रत्नतत्त्व)* ९ वर्षका १६३-१९४पृ., बम्बे एडचुकेशन ससाइटिज बम्बई, वि.सं. १९३७

भगवानलाल इन्द्रजी, गेओर्ग ब्यूलर — *सम् कन्सिड्अरेशन्ज् अन् दि हिस्टरि अफ् नेपाल् (नेपालको इतिहासको विषयमा केही विचार), दि इन्डियन् यान्टिक्वरि* १३ वर्षका ४११-४८२ पृ., वि.सं. १९४१

भगवानलाल इन्द्रजी, गेओर्ग ब्यूलर — *ट्वेन्टि-थ्री इन्स्क्रिप्शन्ज् फ्रम् नेपाल् (नेपालबाट ल्याइएका तेइसवटा अभिलेखहरू),* बम्बई, वि . सं १९४२

भद्ररत्न वज्राचार्य (सम्पादक) — *धनवज्र वज्राचार्यकों ऐतिहासिक लेखसंग्रह १ भाग,* ललित रिसर्च सेन्टर ललितपुर, वि.सं. २०५६

भुवनलाल प्रधान — *नेपालको इतिहास र संस्कृतिका केही पक्ष,* नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि.सं. २०५५

मधुसूदन पाण्डेय — *नेपालको इतिहासका केही अपुष्ट पक्षहरू,* किरण पन्थी (पाण्डेय) काठमाडौं, वि.सं. २०५७

मरी शेफ़र्ड श्लसर — *नेपाल् मण्डल : अ कल्चरल् स्टड्इ अफ् द काठ्मान्डु भ्यालइ (नेपालमण्डल : काठमाडौं उपत्यकाको सांस्कृतिक अध्ययन),* प्रिन्सटन युनिभर्सिटी प्रेस प्रिन्सटन, वि.सं. २०३९

महेशराज पन्त — *गोपालराजवंशावली र भाषावंशावलीको साधर्म्यका केही उदाहरण, पूर्णिमा* ३१ पूर्णाङ्कका १६१-१७२ पृ., वि.सं. २०३१

महेशराज पन्त — *सेसिल बेन्डालको शब्दमा गोपालराजवंशावलीको बयान, पूर्णिमा* ३१ पूर्णाङ्कका १७२-१७७ पृ.

महेशराज पन्त — *नेपाल् इन् पर्स्पेक्टिभ्मा देखिएका इतिहाससम्बन्धी अशुद्धि, पूर्णिमा* ३२ पूर्णाङ्कका २५०-२६५ पृ., वि.सं. २०३१

महेशराज पन्त — *लिच्छविकालको एउटा अभिलेखमा परेको किरातवर्षधर भन्ने शब्दको विषयमा, पूर्णिमा* ६६ पूर्णाङ्कका १-२६ पृ., वि.सं. २०४२

महेशराज पन्त, दिनेशराज पन्त — *नेपालखाल्डोमा पाल्पाली राजा मुकुन्द सेनको हमला, पूर्णिमा* ४३ पूर्णाङ्कका १०५-१५२ पृ., ४५ पूर्णाङ्कका १-२४ पृ., ४६ पूर्णाङ्कका प.शि. १९-५२ पृ., वि.सं. २०३६-२०३७

माणिकलाल श्रेष्ठ — *किराती सम्बत्देखि येले सम्बत्सम्म माथि टिप्पणी, नवसमन्वय* १ वर्ष ४ अङ्कका १४-१८ पृ.

मोदनाथ प्रश्रित — *नेपालको राष्ट्रिय एकीकरणका सांस्कृतिक पूर्वाधारहरू, ज्ञानबिन्दु* २ पूर्णाङ्कका ११-१८ पृ., दण्डपाणि अर्ज्याल स्मृति केन्द्र काठमाडौं, वि.सं. २०६५

मोहनप्रसाद खनाल — *राष्ट्रको सर्वाङ्गीण इतिहासका लागि पुरातत्त्वको महत्व र आवश्यकता, कन्ट्रिब्युसन्ज् टु नेप्लिज् स्टडिज्* १० वर्ष १-२ अङ्कका ९५-१०५पृ., वि.सं. २०४०

रमाशंकर त्रिपाठी — *प्राचीन भारत का इतिहास,* नन्द किशोर एण्ड ब्रदर्स बनारस, वि.सं. २००८

रमेशचन्द्र मजुमदार — *प्राचीन भारत,* मोतीलाल बनारसीदास दिल्ली वाराणसी पटना, वि.सं.२०१९

रामजी उपाध्याय — *नेपालको इतिहास अर्थात् दिग्दर्शन,* होमनाथ केदारनाथ बनारस, वि.सं. २००७

राजाराम सुवेदी — *नेपालको तथ्य इतिहास,* साझाप्रकाशन, वि.सं. २०६१

रामनिवास पाण्डे, दिनेशचन्द्र रेग्मी — *नेपालको पौराणिक इतिहास,* त्रिभुवनविश्वविद्यालय नेपाल र एसियाली अनुसन्धानकेन्द्र, वि.सं. २०५४

रेनिइरो नोली — *नेप्लिज् इन्स्क्रिप्शन्ज् इन् गुप्त क्यारेक्टर्स् (गुप्तलिपिमा कुँदिएका नेपाली अभिलेखहरू),* इस्तित्युतो इतालिआनो पेर इल मेदियो एद एस्त्रेमो ओरियेन्ते रोम, वि.सं. २०१३

रेशमबहादुर पाँडे — *नेपालको इतिहास (नेपालको ऐतिहासिक धारामा शुरूदेखि अन्तसम्म),* संशोधित तथा परिवर्धित दोस्रो संस्करण, रत्नपुस्तक भण्डार, वि.सं. २०४३

लीलाभक्त मुनंकर्मी — *नेपालको ऐतिहासिक परिचय,* बुक्स एन्ड बुक्स काठमाडौँ, वि.सं. २०४४

लूच्यानो पेतेक — *मेडिईभल् हिस्टरि अफ् नेपाल् (नेपालको मध्यकालको इतिहास),* इस्तित्युतो इतालिआनो पेर इल मेदियो एद एस्त्रेमो ओरियेन्ते रोम, वि.सं. २०१५

लैनसिंह बाङ्गदेल — *प्राचीन नेपाली मूर्तिकलाको इतिहास*, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि.सं. २०३९

विक्रमजित् हसरत — *हिस्टरि अफ् नेपाल् याज् टोल्ड् बाइ इट्स् वोन् यान्ड् कन्टेम्परिरि क्रनइक्लर्ज् (नेपालका आफ्नै र उही समयका इतिवृत्तकारहरूले बताएबमोजिमको नेपालको इतिहास)*, विक्रमजित् हसरत होशियारपुर, वि.सं. २०२७

विलियम कर्कप्याट्रिक — *यान् अकाउन्ट् अफ् द किङ्डम् अफ् नेपौल्, बीइङ् द सब्स्टन्स् अफ् अब्जरभेशन्ज् मेड् ड्युरङ् अ मिश्अन् टु द्याट् कन्ट्रि, इन् द यर् १७९३* (नेपाल अधिराज्यको बयान-वि.सं १८४९ मा त्यस देशमा गएको दूतमण्डलले ख्याल राखेका कुराको सार), अर्किबोल्ड कन्स्टेब्ल यान्ड कम्पनी एडिनबर्ग, वि.सं. १८६७

वेणीमाधव ढकाल — *लिच्छविकालिकानामभिलेखानां साहित्यिक-मनुशीलनम्* (लिच्छविकालका अभिलेखहरूको साहित्यिक अनुशीलन), प्रभालक्ष्मी राणा काठमाडौँ, वि.सं. २०५९

वैरागी काइँला — *किराती सम्बत्‌देखि येले सम्बत्‌सम्म*, *नवसमन्वय* १ वर्ष ४ अङ्कका १-९ पृ.

वैरागी काइँला — *किरात येले सम्बत् र यसको नामकरण*, *नवसमन्वय* २ वर्ष १ अङ्कका १७-१९ पृ.

व्यास — *श्रीमाद्‌भागवत*

शङ्करमान राजवंशी — *पाटन सुनधाराको अभिलेखमा रहेका राजा र संवत्‌विषयको विचार*, पूर्णिमा ५ पूर्णाङ्कका ९-१६ पृ., वि.सं. २०२२

शङ्करमान राजवंशी — *राजकुमारी जयसुन्दरीको निवास जयपल्लिकाग्राम*, प्राचीन नेपाल ५८ सङ्ख्याका १-४ पृ., वि.सं. २०३७

शिवकुमार श्रेष्ठ — *लिम्बूवानको ऐतिहासिक अध्ययन*, दोस्रो संस्करण, किरात प्रकाशन तथा अभिलेख केन्द्र ललितपुर, वि.सं. २०५२

शेरबहादुर ईङनाम पापो लिम्बू (अनुवादक) — *स्व. इमानसिंह चेमजोङद्वारा लिखित किराँत इतिहास र संस्कृति*, प्रकाशकमण्डल झापा, वि.सं. २०५१

सत्यकेतु विद्यालंकार — *प्राचीन भारतीय शासन-व्यवस्था और राजशास्त्र*, सरस्वतीसदन मसुरी, वि.सं. २०१७

सरयूप्रसाद मिश्र (अनुवादक) — *नेपाल का प्राचीन इतिहास*, खड्गविलास प्रेस पटना

सिल्भाँ लेभी — *ले नेपाल्, एतूईद् ईस्‌त्वरीक् द' अन् च्वायोम् एँदू (हिन्दू अधिराज्य नेपालको इतिहासको परिशीलन) १-३ भाग*, अनेस्त लेरो पेरिस, वि.सं. १९६२-१९६५

सुरज व्यन्जनकार — *नेवाः सभ्यताया केन्द्र बिन्दुइ ज्यापु जाति (नेवार सभ्यताको केन्द्रबिन्दुमा ज्यापु जाति)*, धिमय् पौ ५०पूर्णाङ्कका २२-२४ पृ.

सुरेन्द्र केसी	*नेपालको इतिहास र ऐतिहासिक परम्परा*, बौद्धिक संसार प्रकाशन समूह काठमाडौं, वि.सं. २०६०
सूचनाविभाग	*नेपाल अधिराज्यको संक्षिप्त परिचय*, श्री ५ को सरकार सूचना तथा सञ्चारमन्त्रालय सूचनाविभाग काठमाडौं, वि.सं. २०५५
सोमध्वज बिष्ट	*नेपाल-गढ*, कञ्चनरञ्जन बिष्ट ललितपुर, वि.सं. २०३९
हेन्रि एम्ब्रोस ओल्ड्फील्ड	*स्केच्इज् फ्रम् निपाल्, हिस्टर्इक्ल् यान्ड् डिस्क्रिप्टिभ्, विथ् यान्एक्डोट्स् अफ् द कोर्ट् लाइफ् यान्ड् वाइल्ड् स्पोर्ट्स् अफ् द कन्ट्रि इन् द टाइम् अफ् महाराजा जङ् बहादुर् , जी.सी.बी., टु ह्विच् इज् याड्इड् यान् एस्ए अन् निपालिज् बुड्अइज्म्, यान्ड् इल्अस्ट्रेशन्ज् अफ् रिलिज्अस् मन्युमन्ट्स्, आर्किटेक्चर्, यान्ड् सीन्अरि फ्रम् द अथर्ज् वोन् ड्रइङ्ज्* (जी.सी.बी.तक्मा पाएका महाराज जङ्गबहादुरको पालाको दरबारको जिन्दगी र शिकारका अप्रकाशित विवरणका साथै नेपालको ऐतिहासिक र वर्णनात्मक चित्रण। यसमा नेपालको बुद्धधर्मसम्बन्धी एउटा निबन्ध र यस ग्रन्थका रचयिताले आफैँले बनाएका तसवीरहरूमध्येबाट धार्मिक स्थल, वास्तु र प्राकृतिक दृश्यका तसवीरहरू गाभिएका छन्) १ भाग, डब्ल्यू. एच. एलेन यान्ड कम्पनी लन्डन, वि.सं. १९३७

नेपाल प्रज्ञा-प्रतिष्ठान

ISBN 9937-589-07-X

9789937589079